का.जि.प्र.का.द.नं. १००/०५९/६०

२ फागुन २०८०, बुधबार

14 February 2024, Wednesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

२१ औं वार्षिकोत्सव विशेषाङ्क थप ३२ पृष्ठ

यात्रा २२औं वर्षको

वर्ष २२, अंक १ । पृष्ठ १६+८+८+८+८

Madhyanha National Daily

www.madhyanhadaily.com

## प्रकाशकीय

### फेरि अर्को वर्ष...



मध्यान्ह राष्ट्रिय दैनिकले अर्को एक वर्ष पार गरेको छ । २१ वर्ष अगाडि २०५९ माघ २ गते (त्यसबेला श्रीपञ्चमीको शुभ अवसर पारेर) मध्यान्हको प्रकाशन शुरु भएको थियो । प्रकाशन पछिका दिन, महिना र वर्ष हुँदै हामीले दुई दशक बढी यात्रा पार गरिसकेका छौं । यो यात्रामा मध्यान्ह राष्ट्रिय दैनिकले नेपाली समाज, समाजले भोगेका संकट र साटेका खुसीहरुमा साक्षी बन्ने अवसर पाएको छ । विशेषगरी यो अवधिमा नेपाली नागरिकसँग एकाकार हुन सकेकाले नै यहाँसम्म आइपुगेका हौं ।

मध्यान्ह राष्ट्रिय दैनिकको यो यात्रा पक्कैपनि सजिलो छैन । मुलुक जस्तो संक्रमणबाट गुज्रिएर अगाडि बढ्यो, त्यसको असर मध्यान्ह राष्ट्रिय दैनिकले पनि खेप्नु पऱ्यो । राजनीतिक प्रणाली परिवर्तन भयो, त्यो परिवर्तनको संक्रमणमा हामी साक्षी बनिरहँदा खेप्नु परेको अप्ठ्यारो पक्कै सजिलो थिएन । विनाशकारी महाभूकम्प, भारतीय नाकाबन्दी, सशस्त्र तथा शान्तिपूर्ण राजनीतिक विद्रोह, कोरोना महामारी र प्राकृतिक प्रकोपहरुमा मुलुक दुख्दा हामीले पनि त्यसको पीडा खेप्नु पऱ्यो । यद्यपि बहुलवादी समाज, बहुदलीय लोकतन्त्र, संविधानवादको सिद्धान्त तथा नागरिकको वाक् स्वतन्त्रता र पूर्ण प्रेस स्वतन्त्रताको पक्षमा किञ्चित डगमगाएनौं । सीमान्तकृतको आवाज उठाउन होओस् अथवा सुशासनको पक्षमा प्रकट हुनुपर्ने निडरतामा कमी हुन दिएनौं । त्यसकारण आज हामी स-गौरव २२औं वर्ष उत्सव मनाइरहेका छौं ।


यो यात्रामा तपाईं पाठक, विज्ञापनदाता, बिक्रेता र शुभेच्छुकहरूको हामी ऋणी छौं । तपाईंहरुकै साथ र सहयोग पाएर हामीले कठिन परिस्थितिको पनि सहज सामना गऱ्यौं। आउने दिनमा पनि मध्यान्ह राष्ट्रिय दैनिक आफ्नो संकल्पमा सदाझैं प्रतिबद्ध रहनेछ । हामीमाथि रहेको साथ, विश्वास र भरोसामा खरो उत्रने प्रयत्न गर्नेछौं । धन्यवाद !

**सीतादेवी श्रेष्ठ**
प्रकाशक

# गठबन्धनमा खटपट !

कांग्रेससँगको गठबन्धनमा अप्ठ्यारो महसुस भएको ब्रिफिङ पार्टीभित्र गरेको भोलिपल्टै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले झापा विद्रोहको विषय उठाएर एमालेसँग नजिक हुन सक्ने राजनीतिक संकेत गरेका छन् । प्रचण्डको यो अभिव्यक्तिपछि कतिपयले गठबन्धनमा खटपट भइरहेको अड्कल काटेका छन् ।

**आरके डिसी/मध्यान्ह**
काठमाडौं, १ फागुन ।






नेकपा माओवादी केन्द्रले आन्तरिक रुपमा वर्तमान सत्ता गठबन्धनमा रहँदाको लाभ हानीको समीक्षा गरेको छ । विधान अधिवेशन अगाडि बसेको केन्द्रीय समिति बैठक र पदाधिकारीको बैठकमा राष्ट्रिय सभाको चुनावमा आफ्नो पार्टीको उम्मेदवार कोशी प्रदेशमा पराजित भएको विषयमा नेताहरुले गम्भीर बन्न आवश्यक रहेको बताएका थिए ।

गठबन्धनमा गडबड हुन सक्ने कतिपय नेताहरुको अड्कलबीच सोमबार प्रधानमन्त्री समेत रहेका पार्टी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले पार्टीको केन्द्रीय समितिको बैठकमा कांग्रेससँगको गठबन्धन लाभदायक बन्न नसकेको ब्रिफिङ गरेका थिए ।

कोशीमा कांग्रेसबाट भएको अन्तर्घातका साथै विभिन्न घटनाक्रहरु हेर्दा गठबन्धन लाभदायक बन्न नसकेको उनको भनाई थियो । 'कांग्रेससँगको हाम्रो सहकार्य राजनीतिक दृष्टिकोणले एउटा आवश्यकता हो । तर, हाम्रो पार्टीको समग्र विकासको दृष्टिकोणले त्यो लाभदायक भएको देखिएन', प्रधानमन्त्री प्रचण्डले भनेका थिए ।

> कांग्रेससँगको हाम्रो सहकार्य राजनीतिक दृष्टिकोणले एउटा आवश्यकता हो । तर हाम्रो पार्टीको समग्र विकासको दृष्टिकोणले त्यो लाभदायक भएको देखिएन ।
>
> **प्रचण्ड**
> प्रधानमन्त्री

ईपेपर हेर्न

कांग्रेससँगको गठबन्धनमा अप्ठ्यारो महसुस भएको ब्रिफिङ पार्टीभित्र गरेको भोलिपल्टै प्रधानमन्त्री प्रचण्डले झापा विद्रोहको विषय उठाएर एमालेसँग नजिक हुन सक्ने राजनीतिक संकेत गरेका छन् । मंगलबार पार्टीको विधान अधिवेशनलाई सम्बोधन गर्दै प्रचण्डले एमालेसँग नजिक हुन सक्ने भनी आवश्यक परे एमालेसँगको सहकार्यका लागि तयार रहन नेता/कार्यकर्तालाई राजनीतिक सन्देश दिएका छन् । प्रचण्डको यो अभिव्यक्तिपछि कतिपयले सत्ता गठबन्धनमा गडबड भइरहेको अड्कल काटेका हुन् ।

तथापि, प्रधानमन्त्री प्रचण्डले कांग्रेससँग तत्काल गटपट भएको अर्थ नलागोस् भनेर अर्को गठबन्धन बनाउने आधार भने तय भइनसकेको अर्थ्याएका छन् । शान्ति प्रक्रियाको बाँकी काम टुंग्याउन पर्ने अवस्थासहित विभिन्न परिस्थितिले नयाँ गठबन्धन बनाउने अवस्थामा नपुगेको उनको भनाइ थियो । तर यसबारे गम्भीर समीक्षा गर्नुपर्ने ठाउँमा पुगेको भन्दै उनले नयाँ गठबन्धन बन्न सक्ने बताएका हुन् ।

हाल सत्ता गठबन्धनमा नेपाली कांग्रेस, माओवादी केन्द्र, जनता समाजवादी, लोकतान्त्रिक समाजवादी, एकीकृत समाजवादी, जनमत, नागरिक उन्मुक्ति पार्टी, राष्ट्रिय जनमोर्चा लगायत छन् ।

गत १० पुस २०७९ मा एमाले समेतको गठबन्धनबाट प्रधानमन्त्री बनेका प्रचण्डले राष्ट्रपतिको चुनाव वरिपरी गठबन्धन फेरेका थिए । त्यसपछि एमाले, रास्वपा र राप्रपा लगायतका दलहरु सरकारबाट बाहिरिए भने कांग्रेस, एकीकृत समाजवादी लगायतका दल सरकारमा गएका थिए । त्यसयता कांग्रेस नेतृत्वको सत्ता गठबन्धनको तर्फबाट प्रचण्ड प्रधानमन्त्रीमा निरन्तर छन् ।

## पाल्पामा जिप दुर्घटना

# ८ जनाको मृत्यु, १८ घाइते

**सुर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, १ फागुन ।

पाल्पामा जिप दुर्घटना हुँदा ८ जनाको घटनास्थलमै मृत्यु भएको छ । उक्त दुर्घटनामा परी १८ जना घाइते भएका छन् ।

तानसेन नगरपालिकाको डुम्रेबाट तिनाउ गाउँपालिकाको चिदिस सिखरडाँडाका लागि छुटेको लु १ ज २३७१ नम्बरको जिप दुर्घटनामा परेको जिल्ला प्रहरी कार्यालय पाल्पाका प्रहरी नायब उपरीक्षक डीएसपी सुगन्ध श्रेष्ठले मध्यान्हलाई जानकारी दिए । मंगलबार रातिसम्म दुर्घटनामा मृत्यु हुने ६ जनाको पहिचान खुलेको छ । स्थानीय शिक्षक प्रेम रानाका अनुसार तिनाउ गाउँपालिका ६ का ६० वर्षीया एनकुमारी पन्त, सोही स्थानका ३९ वर्षीय रामबहादुर अस्लामी, ६७ वर्षीय कृष्णबहादुर अस्लामी, २८ वर्षीया उर्मिला अस्लामी, बुटवल उपमहानगरपालिका १४ का ७० वर्षीय चन्द रणपाल, उनकी श्रीमती ६० वर्षीय चुना रणपाल रहेका छन् ।

प्रहरीका अनुसार जिप सडकबाट १०० मिटर तल खसेको थियो । डीएसपी श्रेष्ठका अनुसार घाइतेहरुको लुम्बिनी मेडिकल कलेज प्रभास पाल्पामा उपचार भइरहेको छ । क्षमताभन्दा बढी यात्रु रहेको र उकालोमा चढ्न नसक्दा जिप दुर्घटनामा परेको प्रहरीको अनुमान छ ।




## वैदेशिक रोजगार विशेष

# ठगिएको रकम र क्षतिपूर्ति तत्काल दिलाइदिन माग गर्दै विभागमा नाराबाजी

**मध्यान्ह संवाददाता**
काठमाडौं, १ फागुन

वैदेशिक रोजगारीका नाममा ठगिएका युवायुवतीले तत्काल आफूहरूको ठगिएको रकम र क्षतिपूर्तिको रकम तत्काल असुलउपर गराइदिन माग गर्दै वैदेशिक रोजगार विभाग घेराउ गरेका छन् । ललितपुरको कन्जोसोम गाउँपालिका ४ घर भइ इमाडोल बस्दै आएका ३२ वर्षका सुजन तामाङलगायतले वैदेशिक रोजगारीमा पठाइदिने भन्दै सय जना बढी युवायुवतीबाट करोडौं रूपैयाँ ठगी गरेको अभियोगमा प्रहरीले उनीसहित चार जनालाई पक्राउ गरेको थियो ।

वैदेशिक रोजगार विभागले उनीहरूलाई वैदेशिक रोजगार ऐनको ठगीमा अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार न्यायाधिकरणबाट म्याद थप गरी थुनामा राखेको छ । तामाङले युरोपेली मुलुक क्रोएशिया, माल्टा, पोल्याण्ड र क्यानडालगायतका देशमा वैदेशिक रोजगारीका लागि पठाइदिन्छु भन्दै ६ सय जना बढीबाट करोडौं लिएको प्रहरीले बताएको छ ।

तामाङले बालाजु चोकमा युरो विंग्स एजुकेशन कन्सल्ट्यान्सी सञ्चालन गरी आफूलाई विकास वाइबाको नक्कली परिचय दिइ करोडौं रुपैयाँ ठगी गरेको पाइएको प्रहरी नायव उपरीक्षक अनिल घिमिरेले बताए । पीडितहरूले अनुसन्धान र क्षतिपूर्तिको कामबारे विभागका महानिर्देशक डण्डुराज घिमिरेको ध्यानाकर्षण गराएका थिए ।

तामाङले युरोपेली मुलुकमा कामदार पठाउँछु भनेर माल्टाका लागि ८ लाख, पोल्याण्डका लागि ७ लाख र क्रोएशियाका लागि ६ लाख ५० हजार रुपैयाँ तथा क्यानडाका लागि १८ लाखका दरले ठगी गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीले दाबी गरेको छ । उनले ६ सयभन्दा बढी युवाबाट ५० हजारदेखि ६ लाख ५० हजारसम्म रकम लिएको प्रहरीको दाबी छ । पीडितहरूले आफूहरू समूह-समूहमा ठगिएको भन्दै एक जनाको ४ लाख रूपैयाँसम्म ठगी भएको बताएका छन् ।

युवायुवतीबाट ठगी गरेको रकमबाट तामाङले ४ करोड व्यक्तिगत ऋण तिरेको, जलविद्युत सहकारी संस्थाबाट लिएको १५ लाख ऋण तिरेको, ५ लाखको सुनको ब्रास्लेट खरिद गरेको, हुण्डाईको क्रेटा गाडी खरिद गरेको, राप्ती म्यानपावर कम्पनीको ५० प्रतिशत शेयर खरिद गरेको र आफ्नो भाइको बैंक खातामा १५ लाख ५० हजार रुपैयाँ जम्मा गरेको बयान दिएको प्रहरीले बताएको छ । ठगिएका कतिपयले पृष्ठ २ मा

### बोर्डको अनलाइन प्रणाली अवरुद्ध

**काठमाडौं/मस-** वैदेशिक रोजगार बोर्डको अनलाइन प्रणाली अवरुद्ध भएको छ । बोर्डको सचिवालयले एक सूचना जारी गर्दै प्रणालीमा समस्या आएको जानकारी दिएको छ । बोर्ड सचिवालयको 'एफइडब्लुआईएमएस डट एफईबी डट जीओभी डट एनपी'को सर्भर र सफ्टवेयरमा केही दिनदेखि समस्या आएको भन्दै बोर्डले केही दिन सेवा बन्द हुने जानकारी गराएको हो ।

बोर्डको अनलाइन अवरुद्ध हुँदा वैदेशिक रोजगारीमा गइ मृत्यु भएका तथा अंगभंग भएका कामदार र परिवारलाई प्रदान गरिने आर्थिक सहायता वितरण प्रभावित भएको छ ।

# खाद्यान्नबालीमा आत्मनिर्भर बनाउन सरकार लागिपर्छ : कृषिमन्त्री



**मकवानपुर/मस–** संघीय कृषि तथा पशुपक्षी विकासमन्त्री डा.वेदुराम भुसालले मुलुकमा खाद्यान्नबालीतर्फ धान, मकै, गहुँलाई दिगोरुपमा आत्मनिर्भर बनाउने उद्देश्यले सरकारले गुरुयोजनासहित किसानको घरदैलोमा पुग्ने र उत्पादनलाई आधुनिक प्रविधिमा जोड्ने मूल लक्ष्य लिएको बताएका छन् ।

हेटौँडाको ५५ औं नगर स्थापना दिवसको उपलक्ष्यमा हेटौँडा उपमहानगरपालिकाद्वारा आज आयोजित समारोहलाई सम्बोधन गर्दै कृषि उत्पादन, पशुपालन र माछाको उत्पादन वृद्धि गर्न सरकारले अब स्थानीय निकायलाई बहुवर्षीय योजना अन्तर्गत स्रोतसाधनसहित जनशक्ति उपलब्ध गराउनेतर्फ गृहकार्य भइरहेको जानकारी गराए ।

मुलुकमा खाद्यान्नको अभाव हुने अवस्थाको अन्त्यका लागि संघीय सरकारले तत्कालै रु ५५ अर्बको खाद्यान्न बाह्य मुलुकबाट आयात गरिने लक्ष्यका साथ स्रोतसाधन परिचालन गरेको उनले बताए । मन्त्री भुसालले प्रदेशका स्थानीय तहले पनि आ-आफ्नो निकायमार्फत् स्थानीयस्तरमा खाद्यान्नबाली, मौसमी तरकारी, दूध उत्पादन र माछाको उत्पादनका लागि वार्षिक कार्यक्रम तर्जुमा गरिँदा थप स्रोतसाधन परिचालन गर्नेतर्फ जिम्मेवारीबोध गर्न आह्वान गरे ।

हेटौँडा उपमहानगरपालिकाका प्रमुख मीना लामाले उपमहानगरपालिकाले वडा नं १ देखि १९ सम्म भूगोल अनुसारको कृषि उत्पादन, पशुपालन र माछापालनका लागि कृषि पकेट कार्यक्रम तर्जुमा गरिएको र स्थानीय किसानलाई उन्नत प्रविधिबाट खेती गर्ने प्रावधानलाई अघि बढाउन आवश्यक जनशक्ति परिचालन गरिने बताउनुभयो । मकवानपुरलाई खाद्यान्नतर्फ आत्मनिर्भर बनाउने लक्ष्यका साथ उपमहानगरपालिकाले काम गरेको उनको भनाइ थियो ।

सो अवसरमा मकवानपुरका प्रमुख जिल्ला अधिकार सूर्यप्रसाद सेढाईं, हेटौँडा उप-महानगरपालिकाका उपप्रमुख राजीव बानियाँ, नेपाली कांग्रेस मकवानपुरका सभापति बुद्ध लामा र नेपाल कम्युनिष्ट पार्टी (एमाले) मकवानपुरका उपसचिव सीता विष्टले जिल्लाका स्थानीय तहले जनताको पूर्वाधार विकासका साथै कृषि उत्पादन, पशुपालनका लागि घाँसखेती र सिँचाइको थप योजनालाई कार्यान्वयन गर्न आग्रह गरे ।

# वसन्त पञ्चमी मनाइँदै



**काठमाडौं/मस–** आज वसन्त पञ्चमी अर्थात् सरस्वती पूजा देशभर विद्याकी अधिष्ठात्री देवी सरस्वतीको पूजा आराधना गरी मनाइँदै छ ।

विद्याकी देवी भएकाले विशेष गरी साहित्यकार, कलाकार, पत्रकार, शिक्षक र विद्यार्थी आ-आफ्ना कला-साधनाका वस्तु कलम, कापी, कुची र वाद्ययन्त्रलाई सरस्वतीका रूपमा पूजा-आराधना गर्छन् । सरस्वतीलाई तान्त्रिकहरूले तन्त्र सिद्धिका लागि तारादेवीका रूपमा मान्छन् ।

आजका दिन सरस्वतीको पूजा गरी विद्यारम्भ गरेमा सर्वसिद्धि प्राप्त हुन्छ भन्ने जनविश्वास छ । आजका दिन विवाह, व्रतबन्ध, गुफा राख्ने र बेलविवाह जस्ता सामाजिक तथा धार्मिक कार्य गर्न साइत हेर्नुपर्दैन भन्ने मान्यता छ । यस दिन बालबालिकालाई शिक्षारम्भ गराउने र नाक-कान छेड्न पनि शुभ मानिन्छ ।

काठमाडौं उपत्यकाका स्वयम्भू, मैतीदेवी र गैरीधारास्थित नीलसरस्वती, ललितपुरको लेलेलगायत अन्य जिल्लामा रहेका सरस्वतीका मन्दिरमा आज बिहानैदेखि पूजाआजा गर्न भक्तजन, खासगरी छात्रछात्राको घुइँचो लाग्ने गरेको छ ।

यसैबीच राष्ट्रपति रामचन्द्र पौडेलले सरस्वती पूजा जीवनलाई सदैव ऊर्जाशील बनाइराख्ने र नवीन खोजतर्फ प्रेरित गरिरहने पर्वका रुपमा रहेको बताएका छन् । सरस्वती पूजा एवं वसन्त पञ्चमीका अवसरमा आज एक शुभकामना सन्देश जारी गर्दै उनले विद्यासँगको नाता र ज्ञानको परिपूर्तिका रूपमा आजका दिनले प्रेरणा प्रदान गर्ने बताए ।

सरस्वतीलाई शिक्षा, ज्ञान र संगीतकी देवीका रुपमा पुजिने बताउँदै राष्ट्रपति पौडेलले आजका दिन आफ्ना बालबालिकालाई विद्यालय भर्ना गरेर अक्षराम्भ गराउँदा विद्याकी देवी सरस्वतीको सदा कृपादृष्टि हुने जनविश्वास रहँदै आएको उल्लेख गरेका छन् ।

'संगीतका पारखीका लागि सरस्वतीको साधना गर्ने प्रमुख दिन पनि वसन्त पञ्चमीलाई मानिँदै आइएको छ । नवीन कार्यको प्रारम्भ गर्न चाहनेले र लगनको साइत जुराउनुपर्ने शुभकार्यका लागि यस दिनलाई रोजी विवाह, व्रतबन्ध आदि गर्ने प्रचलन पनि रहिआएको छ', राष्ट्रपति पौडेलले शुभकामना भनेका छन् ।

# रौतहटमा ६ महिनामा फरार २ सय ६९ प्रतिवादी पक्राउ



**रौतहट/मस–** प्रहरीले एकै दिन फरक-फरक मुद्दाका फरार सात प्रतिवादीलाई पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय रौतहट तथा मातहतका प्रहरी टोलीले अभियुक्तहरुलाई खोजतलास गरी लुकिछिपी बसेको अवस्थामा पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा रमौली बैरियाका ६ बस्ने रामचन्द्र बैठा, सोहि गाउँकी लक्ष्मी बैठा र रामप्रवेश बैठा रहेका छन् । उनीहरुलाई लुटपाट मुद्दामा ७५ रुपैयाँ जरिवाना तोकिएको थियो । यस्तै रमौली शिवकलिया देवी र सोहि ठाउँ बस्ने वलदेव राय यादवलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय प्रहरी नायव उपरीक्षक तथा सूचना अधिकारी एलिजा गिरिले जानकारी दिएकी छिन् । सम्बन्ध विच्छेद मुद्दामा २५ रुपैयाँ जरिवाना तोकिएको उनले बताएकी छिन् । गौर नगरपालिका वडा नं. ५ बस्ने प्रभात कुमार झालाई गालिबज्जती मुद्दामा ५० रुपैयाँ जरिवाना र दुर्गा भगवती गाउँपालिका वडा नं. २ बस्ने अमरनाथ पाण्डेलाई चेक अनादर मुद्दामा २ हजार जरिवाना तोकिएको थियो । उनीहरुलाई पनि पक्राउ गरिएको प्रहरीले जानकारी दिएको छ ।

यहि माघ २९ गते एकै दिन सात जनालाई पक्राउ गरिएको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय रौतहटका अनुसार अदालतबाट फैसला भइ दोषी ठहरी फरार रहेका २ सय ६९ प्रतिवादीलाई प्रहरीले पक्राउ गरेको छ ।

जिल्लामा ६ महिनामा ५ सय ८ अपराधका घटना दर्ता भएका छन् । २ सय ९० फर्छ्यौट, २ सय १८ अनुसन्धान भइरहेको छ । पक्राउ गरी अदालत पेश गर्दा ४४ वर्ष २ महिना १५ दिन असुली गर्दै १२ लाख ५ हजार ७ सय १२ रुपैयाँ राजस्व असुली भएको छ ।

उक्त अवधिमा कर्तव्य ज्यानमा ९ वटा मुद्दा दर्ता गरिएकोमा ४ वटा मुद्दा फर्छ्यौट भइसकेको बाँकी ५ वटा मुद्दाको अनुसन्धान जारी रहेको मुद्दामा ९ जनालाई पक्राउ गरी अदालत बुझाएको प्रहरीले जनाएको छ ।

महिला बालबालिका तथा जेष्ठ नागरिकसम्बन्धी ३९ वटा मुद्दा दर्ता भएकोमा ३७ वटा मुद्दा फर्छ्यौट भएको बाँकी दुईवटा मुद्दाको अनुसन्धान भइरहेको जनाएको छ ।

## ठगिएको ...

अझैसम्म आफू ठगिएको वास्तविकता परिवारलाई बताउन नसकेको र काम हुँदैछ भनेर ढाँटिरहेको र ठगिएको रकम नपाएको अवस्थामा स्थिति जेसुकै हुने भन्दै विभाग परिसरमा नाराबाजी गरेका थिए । उनीहरूले समाचारमा आफ्नो तस्बिर प्रयोग नगरिदिन समेत आग्रह गरेका छन् ।

महानिर्देशक घिमिरेले अभियुक्तले खरिद गरेको राप्ती म्यानपावर कम्पनीको ५० प्रतिशत शेयर रोक्का गरिएको जानकारी दिँदै शान्तिपूर्णरूपमा कानूनी उपचारमा लाग्न पीडितहरूलाई सुझाव दिए ।


## भीमफेदी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
भीमफेदी, मकवानपुर
बागमती प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मितिः २०८०/११/०२**

यस कार्यालयबाट तपसिल बमोजिम निर्माण कार्यको लागि राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित भएकोमा उक्त कार्यको लागि निर्धारित समयभित्र www.ppmo.gov.np/epg मार्फत कार्यालयमा दर्ता हुन आएका बोलपत्रदाताहरुमध्ये उल्लेखित बोलपत्रदाताले पेश गरेको बोलपत्र न्यूनतम मूल्यांकीत र सारभूत रुपमा प्रभावग्राही पाईएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा ४७ को प्रयोजनार्थ उक्त ऐनकै दफा २७ (२) बमोजिम बोलपत्र स्वीकृत गर्ने आशय जारी गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि.नं | ठेक्का नं. | कामको विवरण | फर्मको नाम, ठेगाना | कुल मुल्यांकित रकम रु. (भ्याट र PS समेत) | कैफियत |
|---|---|---|---|---|---|
| १ | BRMMK/NCB/CSPPB/08/2080.081 | Construction of Sri. Pokhari pra.vi building . | Pulami and Sons Construction, Bagmati -5, Makwanpur. | १,४१,१४,२३४।८६ (अक्षरेपिः एक करोड एकचालिस लाख चौध हजार दुई सय चौतिस रुपैया छयासी पैसा मात्र) | |

**प्रमुख प्रशासकीय अधिकृत**



प्रदेश सरकार
स्वस्थ्य मन्त्रालय
## स्वास्थ्य निर्देशनालय
## धादिङ अस्पताल, धादिङ
वागमती प्रदेश, नेपाल

**कर्मचारी करारमा पदपूर्ति गर्ने सम्वन्धी सूचना**

**सूचना प्रकाशित मिति : २०८०।११।०२**

प्रस्तुत विषयमा यस अस्पतालको स्वीकृत अस्थायी दरबन्दीको रिक्त पदमा तपशील बमोजिमका जनशक्ति सेवा करारमा लिनुपर्ने भएकोले इच्छुक योग्यता पुगेका नेपाली नागरिकहरुले पछि फिर्ता नहुने गरि रु. १,०००।- तिरी चिकित्सक तथा स्वास्थ्यकर्मी करार सेवा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७८ को अनुसूचि-२ (दफा ७ को उपदफा (१) सँग सम्बन्धित) दरखास्त फारम भरि यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनको कार्यालय समयभित्र दरखास्त पेश गर्नुहुन सम्बन्धी सबैको जानकारीको लागि सूचना प्रकाशित गरिएको छ ।

| सूचना नं. | पद | पद संख्या | नियुक्तिको किसिम | न्यूनतम शैक्षिक योग्यता | तलब स्केल | छनौट विधि | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ५/०८०/८१ | क.रेडियोलोजिष्ट | १ | करार सेवा | स्वास्थ्य सेवा ऐन २०५३ तथा नियामावली २०५५ ले निर्धारण गरे अनुशार | प्रचलित नियाम अनुसार | लिखित/अन्तरवार्ता | |
| ६/०८०/८१ | क.पेडियाट्रिसियन | १ | करार सेवा | स्वास्थ्य सेवा ऐन २०५३ तथा नियामावली २०५५ ले निर्धारण गरे अनुशार | प्रचलित नियाम अनुसार | लिखित/अन्तरवार्ता | |
| ७/०८०/८१ | क.अब्स/गाइनेकोलोजिष्ट | १ | करार सेवा | स्वास्थ्य सेवा ऐन २०५३ तथा नियामावली २०५५ ले निर्धारण गरे अनुशार | प्रचलित नियाम अनुसार | लिखित/अन्तरवार्ता | |
| ८/०८०/८१ | क.जनरल फिजिसियन | १ | | स्वास्थ्य सेवा ऐन २०५३ तथा नियामावली २०५५ ले निर्धारण गरे अनुशार | प्रचलित नियाम अनुसार | लिखित/अन्तरवार्ता | |
| ९/०८०/८१ | मेडिकल अधिकृत | २ | करार सेवा | स्वास्थ्य सेवा ऐन २०५३ तथा नियामावली २०५५ ले निर्धारण गरे अनुशार | प्रचलित नियाम अनुसार | लिखित/अन्तरवार्ता | डायालाइसिस, एस.वि.ए., ओ.टि., आइ.सि.यू, एस.एन.सि.यू तालिम लिइएकाहरुलाई विशेष ग्राहयता दिइनेछ । |
| १०/०८०/८१ | माइक्रोबायोलोजिष्ट | १ | करार सेवा | स्वास्थ्य सेवा ऐन २०५३ तथा नियामावली २०५५ ले निर्धारण गरे अनुशार | प्रचलित नियाम अनुसार | लिखित/अन्तरवार्ता | |
| ११/०८०/८१ | सुरक्षा गार्ड | १ | करार सेवा | सम्बन्धीत काममा अनुभव तथा भु.पु सेना/प्रहरी | प्रचलित नियाम अनुसार | लिखित/अन्तरवार्ता | अस्पतालमा काम गरेकालाई विशेष ग्राहयता दिइनेछ |

**परीक्षाको किसिम** :- लिखित, अन्तरवार्ता
**परिक्षा केन्द्र** :- धादिङ अस्पताल धादिङ
**दरखास्त दिने अन्तिम मिति** :- २०८०/११/१६
**उमेदवारको उमेर** :- सूचना प्रकाशन भएको मितिले २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको
**दरखास्त दिने स्थान** :- धादिङ अस्पताल धादिङ
**दरखास्तको किसिम** :- चिकित्सक तथा स्वास्थ्यकर्मी करार सेवा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७८ को अनुसूचि-२ (दफा ७ को उपदफा (१) सँग सम्बन्धित) दरखास्त फाराममा आवश्यक सम्पूर्ण विवरण भरि बुझाउनु पर्नेछ ।
**पेश गर्नुपर्ने कागजात** :- उमेदवारले शैक्षिक योग्यताको प्रमाणपत्र तालिम, अनुभव, सम्वन्धित व्यवसायिक परिषदको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र संलग्न गर्नुपर्ने छ । दरखास्त साथमा एक प्रति व्यक्तिगत विवरण (Bio Data) समेत भरी अनिवार्य बुझाउनु पर्नेछ । दरखास्तमा उल्लेख गरेको विवरणका सम्वन्धमा उमेदवार स्वंय पूर्ण जवाफदेही हुनुपर्नेछ ।
**दरखास्त बुझाउने उमेदवारलाई विषेश सूचना** :- माथि उल्लेखित पदमा दरखास्त दिने उमेदवारले आफुले दरखास्त दिने क्रममा खुलाएका विवरणहरुको सक्कल कागजात (नागरिकता, शैक्षिक योग्यताका लब्धाङक पत्र, चारित्रिक प्रमाणपत्र, अनुभवको विवरण सम्बन्धी कागजात, आदि) हरुको सक्कल अर्न्तवार्ता दिन आउदा साथमा लिई आउनु पर्नेछ । दरखास्त बुझाउदा खुलाएका विवरण तथा पेश गरेका कागजातसँग सक्कल कागजात रुजु भएपछि सम्वन्धित पदका लागि योग्य ठहरिएका उमेदवारलाई मात्र अन्तरवार्ता सम्मिलित गराईनेछ ।
**सम्पर्क मिति** :- २०८०।११।२०
**पदमा रहि गर्नुपर्ने कामको विवरण** :- सेवा समुह सम्वन्धी ।

**नि.प्रमुख मेडिकल सुपरिन्टेन्डेण्ट**

# माओवादीले मिश्रित निर्वाचन प्रणाली अपनाउने

**काठमाडौं/मस-** सत्तारुढ नेकपा माओवादी केन्द्रले मिश्रित निर्वाचन प्रणालीबाट कमिटी निर्माण गर्ने भएको छ। मंगलबारदेखि राजधानीमा शुरु भएको प्रथम विधान अधिवेशनमा पेश गरिएको प्रस्तावित विधानमा केन्द्रीय समिति ५१ प्रतिशत प्रत्यक्ष निर्वाचन र ४९ प्रतिशत समानुपातिक निर्वाचन प्रणालीबाट चुन्ने उल्लेख रहेको एक नेताले जानकारी दिए।

प्रस्तावित विधानमा केन्द्रीय समितिको अकार १ सय ५१ सदस्यीय हुने उल्लेख गरिएको छ । प्रस्तावित विधानमा ४९ प्रतिशतलाई सय प्रतिशत मानेर त्यसमा महिला, दलित, युवा, जनजाती लगायतको कलस्टर छुट्याइने उल्लेख छ ।



विधानको मस्यौदा निर्माणका लागि उपाध्यक्ष पम्फा भुसालको नेतृत्वमा मस्यौदा समिति बनाइएको थियो। विधानमा केन्द्रीय पदाधिकारी चयन कसरी गर्ने भन्नेबारेमा भने प्रष्ट व्यवस्था नगरिएको नेताहरुले बताएका छन् । प्रस्तावित विधानमाथि २० समूह बनाएर छलफल थालिएको छ। सहभागीमध्येबाट एक समूहमा ५० देखि ५५ जना छुट्ट्याइएर विधान मस्यौदमा छलफल प्रारम्भ गरिएको महासचिव देवप्रसाद गुरुङले जानकारी दिए। समूहगत छलफल बुधबार दिउँसो १ बजेसम्म चल्ने छ । समूहगत छलफलफलमा उपमहासचिव जनार्दन शर्माले पेश गरेको पुरक प्रस्तावमाथि छलफल हुने छ ।

तीन दिनसम्म सञ्चालन हुने सम्मेलनमा एक हजार दुई सयभन्दा बढी प्रतिनिधिको सहभागिता छ। सम्मेलनमा केन्द्रीय सदस्य, वैकल्पिक केन्द्रीय सदस्य, तीन केन्द्रीय आयोगका सदस्य, सात भौगोलिक र तीन गैरभौगोलिक प्रदेशका पदाधिकारी तथा जनवर्गीय संगठन पदाधिकारीको सहभागिता छ ।



बर्दियाको राजापुर नगरपालिका-४ स्थित घुम्नाको श्री हथियावावा गणेश मन्दिर संरक्षण समितिले मंगल चौथीको अवसरमा कलश यात्रा आयोजना गरेको छ । घुम्नाको गणेश मन्दिरबाट निकालिएको कलश यात्रामा भक्तजनहरुको उल्लेख्य सहभागिता रहेको थियो । भक्तजनहरुले कर्णाली नदीको पवित्र जल कलशमा भरेका थिए । तस्बिर: सन्तोष पौडेल/मध्यान्ह

# त्रियुगा प्रदेश महोत्सव शुरु



**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, १ फागुन

उदयपुरमा त्रियुगा प्रदेश महोत्सव २०८० शुरु भएको छ । 'भाषा कला र संस्कृतिको उत्थान, बढाऊ उद्योग, व्यापार कृषि र पर्यटन' भन्ने मूल नाराका साथ त्रियुगा उद्योग वाणिज्य संघ गाइघाट उदयपुरको आयोजना तथा प्रवर्द्धक नेपाल उद्योग वाणिज्य महासंघ टेकु काठमाडौं प्रदेश र त्रियुगा नगरपालिका लगायत संघसंस्थाहरुका सहकार्य र समन्वयमा मंगलबारदेखि बरुवा बसपार्कमा प्रदेश महोत्सव शुरु भएको हो ।

प्रदेशको मुख्यमन्त्री केदार कार्कीले महोत्सवको विधिवत् रुपमा उद्घाटन गरेका छन्। त्रियुगा उद्योग वाणिज्य संघ गाईघाट उदयपुरको अध्यक्ष रमेश रसाइलीले स्थानीय उत्पादनको बजारीकरण, आर्थिक र पर्यटन प्रवर्द्धन लगायतलाई मध्येनजर गरेर महोत्सव आयोजना गरिएको बताए ।

महोत्सवमा पालिका प्रमुख, प्रदेश प्रतिनिधि लगायत विभिन्न संघसंस्थाहरुको उपस्थिति रहनुका साथै स्थानीय उत्पादनबाट बनाइएका खानेकुराको परिकार, हस्तकलाको सामानहरु, विभिन्न किसिमका उत्पादनहरुका स्टलहरु राखिनुका साथै विभिन्न जातीय सांस्कृतिक नाच नृत्यहरु प्रस्तुत गरेका थिए ।

# लागुऔषध कारोबारीको मुख्य 'ट्रान्जिट प्वाइन्ट' बन्यो कोशी राजमार्ग

**तेज बन/मध्यान्ह**
इटहरी, १ फागुन

सप्तकोशी नदीमा प्रहरीले निगरानी बढाउन थालेपछि नेपालमा प्रतिबन्धित लागुऔषध गाँजा कारोबार गर्ने गिरोहले कोशी राजमार्गलाई मुख्य ट्रान्जिट प्वाइन्ट बनाउन थालेका छन् । प्रहरीले दुई दिनको अन्तरालमा ५५५ किलो गाँजासहित १६ जनालाई पक्राउ गरेपछि यस्तो तथ्य बाहिरिएको हो। विगतमा पहाडी जिल्लाहरूबाट बासको डुंगा बनाइ तलबाट अवैध रूपमा गाँजा भारतको बजारमा निकासी हुने गरेको थियो । प्रहरीले बासको डुंगामा पनि निगरानी गर्न थालेपछि कारोबारीहरूले पर्यटक बनेर कोशी राजमार्गलाई ट्रान्जिट बनाएका हुन् ।

आइतबार प्रहरीले धरानको जिरो पोइन्टबाट १४९ किलो गाँजासहित १४ जनालाई पक्राउ गरेको थियो भने मंगलबार बिहान एक बजे सुनसरीको बराहक्षेत्र नगरपालिका ९ राजावासबाट ४ सय ६ किलो ९ सय ४० ग्रामसहित २ जनालाई पक्राउ गरेको छ। प्रहरीले धरानबाट भारतीय बोलेरोसहित १४ जनालाई पक्राउ गरेको थियो। पक्राउ परेका अधिकांश भारतीय रहेका छन् । उनीहरू पर्यटक बनेर नेपाल प्रवेश गर्दै पहाडी जिल्लाबाट गाँजा बोकेर फर्किने क्रममा धरानबाट पक्राउ परेका थिए ।

पक्राउ पर्नेहरूमा बोलेरो चालक भारत बिहारका ३१ वर्षीय मनोरञ्जन मुइमार, ३९ वर्षीया गोपी मण्डल र गाडीमा सवार रहेका २३ वर्षीय सञ्जय कुमार मण्डल, ३५ वर्षीया रेखा देवी, ३५ वर्षीया रिङ्की देवी, ३५ वर्षीया दया मण्डल, ३७ वर्षीय राजेश मण्डल, ४० बर्षीया पुनम देवी र २४ बर्षीया गुडिया देवी, बीआर १० एजे ४४८६ नम्बरको कार चालक भारत बिहारका २३ वर्षीय सन्तोष साह, कारमा सवार २३ वर्षीय अङ्कित कुमार यादव, राजा जैसवाल, शिवम सिंह र सत्यम यादव रहेका छन् ।

त्यस्तै मंगलबार बिहान पक्राउ पर्नेमा धरान उपमहानगरपालिका-४ बस्ने २५ वर्षीय सूर्य राई र भोजपुर हतुवागढी गाउँपालिका-८ बस्ने २७ वर्षीय लक्ष्मण राई रहेका छन् । उनीहरूलाई महेन्द्रनगरबाट खटिएको प्रहरी टोलीले वराहक्षेत्र नगरपालिका-९ राजाबासस्थित दाहसंस्कार गर्ने घाट नजिक प्रदेश ०१-०२-००१ ज ४०५० नम्बरको बोलेरो गाडी जाँच गर्ने क्रममा गाडीभित्र १३ वटा बोरामा उक्त परिमाणको गाँजासहित पक्राउ गरेको हो । पक्राउ गर्दा टाटा सुमो गाडी चलाई भाग्न खोजेपछि प्रहरीले २ राउन्ड फायर गरी उनीहरूलाई नियन्त्रणमा लिइएको इलाका प्रहरी चक्रघट्टीले जनाएको छ ।


## Saudi मा रोजगार

कम्पनी : TAMSTAR TRADING EST.
शहर: Saudi Arabia, Dammam

पुर्व स्वीकृत मितिः २०८०/११/०१ | चलानी नं.: ६०२१४८९० | LT. No.: 299988

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 1 | 0 | स. काममा दक्ष | 1700 | ६०,०७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : TAMSTAR TRADING EST. शहर: Saudi Arabia, Dammam
पुर्व स्वीकृत मितिः २०८०/११/०१ | चलानी नं.: ६०२१४८८९ | LT. No.: 299989

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 1 | 0 | स. काममा दक्ष | 2200 | ७७,७४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन ९ गते (21 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्फौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं.: ३३७/०५९/०६०
### लाईफ लाईन ओभरसिज प्रा. लि.
गोगंबु, काठमाडौं, नेपाल, फोन नं. ०१-५९०४२८८, ५९०४५२२, ५९०३६४१
Drop your CV at cv@lifelineoverseas.com, recruit@lifelineoverseas.com, yam@lifelineoverseas.com
Mobile No: 9851193449 | 9851017534 | 9851180954
Itahari- 9852022500 | Butwal- 9851002976 | Pokhara- 9803906755


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७९/०४/०५ मा दर्ता भएको **प्रा.लि.नं. २६२८६५** को **रिस्पोन्सिवल नेपाल ट्रेक्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/११/०१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


## कर्मचारी आवश्यकता

यस म्यानपावर कम्पनीको लागि निम्न कर्मचारीको आवश्यकता भएकोले इच्छुक ब्यक्तिले सम्पर्क गर्नुहोला ।

International Marketing Officer: Few (M/F)
Public Relation Officer: 2 (M/F)
Receptionist: 1 (Female)

Please send your Cv to following Email :
info.goodlifenepal@gmail.com

Lic No.: 17/047/048
GOOD LIFE INTERNATIONAL
EMPLOYMENT AGENCY NEPAL PVT. LTD.
Kathmandu-32, Koteshwor, Behind Bhatbhateni Superstore, Kathmandu
TEL: 01-5100669, E: info@goodlifenepal.com, W: www.goodlifenepal.com


नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
सङ्घीय सडक सुपरिबेक्षण तथा अनुगमन कार्यालय

## सडक डिभिजन सुर्खेत

सुब्बाकुना

**प्राविधिक प्रस्ताव स्वीकृति/आर्थिक प्रस्ताव खोल्ने सूचना**

**प्रकाशित मितिः २०८०/११/०२**

यस सडक डिभिजनबाट मिति २०८०/०९/०४ गतेको मध्यान्ह दैनिक पत्रिकामा प्रकाशित सूचना नं ४-०८०/८१ तथा www.bolpatra.gov.np.egp मार्फत आह्वान गरिएको ठेक्काको लागि म्याद भित्र दर्ता भएका बोलपत्रहरु खोलि प्राविधिक प्रस्तावहरु मुल्यांङ्कन गर्दा तपसिल अनुसारका बोलपत्रदाताहरुको प्राविधिक प्रस्तावहरु सारभूत रुपमा प्रभावग्राही भई योग्यताको आधारमा सफल भएको हुँदा सार्वजनिक खरिद नियमावलीको नियम ३१ (ज) को (४) र (५) अनुसार आर्थिक प्रस्ताव मिति २०८०/११/०९ गते दिनको १.०० बजे यस कार्यालयमा खोलिने व्यहोरा सम्बन्धित सबैको जानकारी एवं उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं. | ठेक्का नं. | प्राविधिक प्रस्ताव मुल्यांकनबाट सफल बोलपत्रदाताहरु |
|---|---|---|
| 1 | RDSKT/33701169 -4/080/81-17 | M/S Gorkha – New Dipak – Laxman JV, Surkhet |
| | | M/S K.S.K. – Shishir&Basanta – N.K. JV, Surkhet |
| | | M/S Mangaldeep – Kusheshwor – Abhiyan JV, Kathmandu |
| | | M/S Oasis – Himshikhar JV, Kathmandu |
| | | M/S P.S. Construction Company Pvt. Ltd., Kathmandu |
| | | M/S PK NirmanSewa Pvt. Ltd., Dang |
| | | M/S Shyam and Shankar – JwalaPanchakoshi JV, Surkhet |

**डिभिजन प्रमुख**

## Gurans Rural Municipality
## Office of the Rural Municipal Executive

**Ranimatta, Dailekh**
**Karnali Province**

**INVITATION FOR BIDS II**

**(First Date of publication: - 2080.11.02 B.S.)**

1. **Gurans Rural Municipality Office** has allocated funds towards the cost of following projects and intends to apply part of the funds to cover eligible payments under the Contract for following projects. Bidding is open to all eligible Nepalese Bidders.
2. **Gurans Rural Municipality** Office invites electronic bids from eligible bidders for the following projects under National Competitive Bidding procedures.
3. Eligible Bidders may obtain further information at the **Gurans Rural Municipality, Ranimatta, Dailekh** Phone N0: 9858020144 & PPMO website.
4. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

| Contract No. | Name Of Work | Bid document fee (Non- refundable) | Estimated Amount (Including VAT) | Bid Security, |
|---|---|---|---|---|
| GRM/ WORKS/NCB/ 04/080/081 | Construction of Ghumne Bisau Shanti Ma.Vi. To Ward Karyalaya Road Gurans-07, Dailekh | NRs. 3000/- | NRs. 33,60,513.20 | NRs. 84,100.00 |

**Chief Administrative Officer**

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/११/१० मा दर्ता भएको **प्रा.लि.नं. १८५०६८/०७४/०७५** को **ओम हिमालय भिलेज प्रा.लि.** को मिति २०८०/११/०१ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।
**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः बबरमहल, काठमाडौं, फोन नं. ९८५१२१७००४**

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/०८/०३ मा दर्ता भएको **प्रा.लि. नं. २०२५७४** को **नमस्ते लुम्बिनी ट्राभल्स टुर्स एण्ड मल्टी एजेन्सी प्रा.लि.** को मिति २०८०/१०/२१ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।
**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं फोन नं. ९७४६४९१७१३, ईमेल :** rokayasherbahadur723@gmail.com


GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

## सम्पादकीय

# बाटो छैन संकुचनलाई

नेपाल जीवनस्तर सर्वेक्षण–२०८० ले नेपालीको जीवनस्तरमा ठूलै सुधार आएको प्रतिवेदन तयार पारेको छ । त्यो प्रतिवेदन अनुसार वार्षिक खर्च गर्न सक्ने क्षमता, सम्पत्तिको स्वामित्व, उपयोग गर्ने वस्तु, भौतिक पूर्वाधार विकास जस्ता क्षेत्रमा ठूलै सुधार आएको छ । १२ वर्ष अगाडिको तुलनामा गरीब नागरिकको समेत प्रतिव्यक्ति खर्च औसतमा ६६ प्रतिशतले बढेको छ । विजुली उपभोग गर्ने प्रतिशत ९४ पुगेको छ । १२ वर्ष अगाडि यो प्रतिशत ७० मात्रै थियो । उपभोग्य वस्तुमा खर्च गर्ने क्षमतामा समेत सुधार देखिएको छ । विलासिताका सामग्री मानिने कार प्रयोग गर्नेको संख्या ठूलो प्रतिशतले बढेको छ । १२ वर्ष अगाडि ०.०८ प्रतिशत नागरिकसँग कार रहेकोमा अहिले बढेर १.८२ प्रतिशतसँग कार रहेको प्रतिवेदनले देखाएको छ । मोटरसाइकल प्रयोग गर्नेको संख्या अढाइ गुणाले बढेर २५.२५ प्रतिशत पुगेको छ । २०६८ सालमा ९.१८ प्रतिशतसँग मोटरसाइकल थियो ।

अरू मानकहरूमा पनि नेपालीको जीवनस्तर उकासिएको प्रतिवेदनले देखाएको छ । यो आफैमा खुसीको कुरा हो । यसरी अंकमै देखिनेगरी नेपालीको जीवनस्तर सुधार हुनुको पछाडि अनेक तर्क र विश्लेषण गरिन सक्छ । विशेषगरी वैदेशिक रोजगारकै कारणले नेपालीको जीवनस्तर सुधार भएको तर्क आमरूपमा गरिन सक्छ । तर बितेको १२ वर्ष नेपालीले कठिन दिनहरूको सामना गर्नुपरेको बिर्सन मिल्दैन । २०७२ को विनाशकारी महाभूकम्प, उत्रै क्षति पुग्नेगरी भारतले लगाएको नाकाबन्दीले नेपालको अर्थ–सामाजिक परिस्थिति विथालेको थियो । त्यसपछि कोरोना महामारी र अन्तर्राष्ट्रिय युद्धहरूको कारणले नेपालीको अर्थतन्त्रमा नराम्रो असर गरेको थियो ।

कठिन परिस्थितिबीच नेपालीको जीवनस्तरमा आएको सुधार असाध्यै खुशीकै कुरा हो । अझ नेपालीमा सत्ताप्रतिको निगरानी नतिजामै देखिनेगरी यो अवधिमा आएको छ । २०७४ को चुनावमा वाम गठबन्धनलाई विशाल मत दिएर राजनीतिक स्थीरता रोजेका मतदाताले गत वर्षको चुनावमा राजधानी रहेको शहर काठमाडौं, पूर्वको ठूलो शहर धरान उपमहानगर र सुदूरपश्चिमको अर्को शहर धनगढी उपमहानगरमा स्वतन्त्र उम्मेद्वारले मेयर जिते । यो आफैमा राजनीतिक सन्देश थियो । यस्ता अरू मानकमा पनि नेपालीको जीवनस्तर सुधार भएको आम अनुभूति गर्न सकिन्थ्यो । त्यसलाई पुष्टि गर्ने काम जीवनस्तर सुधार प्रतिवेदनले देखाएको छ । यसका पछाडि अरू हजार कारण हुनसक्छ । तर बहुलवादी समाजको खुलापनलाई संविधानले सम्मान गर्दा निस्किएको नतिजा पनि भुल्न सकिदैन । किनकि हरेक नागरिकसँग केही गर्न सक्ने क्षमता हुन्छ, त्यसको उपयोग गर्नसक्ने राजनैतिक परिवेश तयार गर्दा नतिजा निस्कन्छ । आगामी दिनमा हिड्नुपर्ने बाटो पनि त्यही हो । संकुचनमा होइन, स्वतन्त्रतामा शक्ति र विकास दुवै संभव छ ।

# साइबर आक्रमण र सुरक्षाका उपाय

अग्रलेख



● अचुतकुमार ओझा



वि.सं. २०७९ माघ १४ र १५ गते शनिबार र आइतबारका दिन नेपाल सरकारका चार सयभन्दा बढी सरकारी वेबसाइट एकाएक बन्द भयो । केन्द्रीय डाटा सेन्टरमा डिडस साइबर आक्रमण हुँदा अत्यधिक ट्राफिक देखिइ कुनै पनि आइएसपिका साइटहरूबाट नेपाल सरकारका वेबसाइट खुल्न सकेन । त्यसको २३ दिनपछि अर्थात् २०७९ फागुन ८ गतेका दिन त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अध्यागमन विभागको वेबसाइट डाउन भयो । यसले गर्दा कैयौं अन्तर्राष्ट्रिय उडान रोकिए भने यात्रुहरू अलपत्र पर्न गए ।

त्यस्तै, २०८० पुस १५ र १६ गतेका दिन पुनः नेपाल सरकारको वेबसाइटहरू अवरुद्ध भयो । यो श्रृंखला चलिरहेको नै छ । साइबर आक्रमणकारीहरूले सरकारी साइटहरू, वेब एप्लिकेसन र सर्भरमा आक्रमण गर्ने र आफ्ना उद्देश्य प्राप्त गर्न खोज्नु नेपालमा मात्र होइन, विश्वका विकसित देशहरूमा पनि यस्ता घटना भइरहन्छन् । तर ती देशहरूमा यस्ता घटनालाई राज्यले प्राथमिकतामा लिएर किन, कसले र कुन उद्देश्यले साइबर हमला भइरहेको छ भनी निरन्तर अध्ययन गरी सुरक्षाको नयाँ र सशक्त उपायहरू प्रयोगमा ल्याइन्छ । हाम्रो देशमा त्यो किसिमको प्राथमिकतामा पर्न सकेको देखिँदैन ।

सरकारी निकायलाई लक्षित गरी भएका घटनाहरू बढ्दो क्रममा छन् । विभिन्न मितिमा प्रधानमन्त्री कार्यालयका कर्मचारीहरूको इमेल ह्याक भएका छन् । शिक्षा मन्त्रालयको वैदेशिक अध्ययन अनुमति शाखाको सर्भर डाउन भएको छ । त्यस्तै, संघीय संसद्को वेबसाइट केही घण्टा अवरुद्ध भएका खबर सेलाउन पाएको छैन । हालै २०८० माघ १५ गतेका दिन त्रिभुवन विश्वविद्यालयको परीक्षा नियन्त्रण कार्यालय (पनिका)ले आफ्ना विद्यार्थीहरूलाई अनलाइनमार्फत कार्यालयमा नआई शैक्षिक प्रमाणपत्र, ट्रान्सक्रिप्ट, प्रोभिजन, नम्बर पुनरावेदन र अन्य सुविधाहरू दिन सकिने गरी विश्वविद्यालयका उपकूलपति र पनिकाका प्रमुखले वेबसाइट उद्घाटन गरेका थिए । त्यसको साँझ नै कक्षा १२ का एक छात्रले सामाजिक सञ्जालबाट आफूले ह्याक गरेको सूचना सार्वजनिक गरे । माथिका यी केही प्रतिनिधि घटनाहरू हन् । यी बाहेक कैयौं साइबर अपराधका घटनाहरू बाहिर आएका छैनन् । समयमै सुरक्षाका उपायहरूको खोजी नगर्ने हो भने नेपाल सरकारको डाटा सेन्टर र वेबसाइटहरूमा भइरहेका साइबर हमला फेरि पनि नहोलान् भन्न सकिन्न ।

सरकार डिजिटल नेपाल, डिजिटल फ्रेमवर्क र विद्युतीय सुशासनको अभियानमा अगाडि बढिरहेको अवस्थामा निरन्तर भइरहेका साइबर अपराधका घटनाहरूले जनमानसमा विचलन र अविश्वास सिर्जना गर्न सक्ने भएकाले गम्भीररूपमा लिनु पर्ने देखिन्छ । सरकारका पदाधिकारीहरू र जिम्मेवार निकायले साइबर अपराधका विषयमा मिडिया र सार्वजनिक स्थानहरूमा आफ्ना विचार व्यक्त गर्दा थप सजगता र गम्भीर्यताका साथ प्रस्तुत हुन आवश्यक छ । अन्यथा डिजिटल नेपालको अभियानप्रति नागरिकमा पैदा हुने शंकाका कारण थप चुनौतीपूर्ण हुनसक्छ । सरकारका निकाय, सरकारी अभियान, सर्वसाधारणको चाहना, विश्व परिस्थिति, लागत, सहजता, प्रतिस्पर्धात्मक क्षमताको विकास, समयको बचत र विविध सुविधाको कारण राज्य र नागरिक प्रविधिको प्रयोगका लागि इच्छुक हुनु स्वभाविक हो । तर, बढ्दो प्रविधिको प्रयोग र न्यून साक्षरताको कारण साइबर अपराधको घटनाको ग्राफ बढ्दो छ ।

नेपाल प्रहरीको साइबर ब्यूरोको तथ्यांकअनुसार गत आर्थिक वर्ष २०७९/८० मा छ हजारभन्दा बढी साइबर अपराधका घटनामा संलग्नहरूलाई कारबाही गरिएको थियो । यस आर्थिक वर्ष २०८०/८१ को माघ २३ गतेसम्मको तथ्यांक हेर्दा साइबर अपराधमा कानूनी उपचारको लागि साइबर ब्यूरो भोटाहिटी र देशभरका प्रहरी कार्यालयहरूमा गरी १३ हजार तीन सय ३० भन्दा बढी उजुरी आइसकेको अवस्था छ । नेपाल प्रहरीको पुस मसान्तसम्मको प्रगति प्रतिवेदन हेर्दा कात्तिक १ गतेदेखि पुस २९ गते सम्ममा सामाजिक सञ्जालसम्बन्धी उजुरीउपर चार हजार नौ सय ४० कारबाही गरिएको छ । यस आर्थिक वर्षको सात महिनाको अवधिमा साइबर अपराधमा मुद्दा चलेकामध्ये हालसम्म ५१ जना व्यक्तिहरूलाई साइबर ब्युरोबाट पक्राउ गरिएको छ ।

नेपालमा टेलिघनत्व ११९.३६ प्रतिशत र ब्रोडब्याण्ड डाटा सेवाको कूल घनत्व १३५.५० प्रतिशत रहेको दूरसञ्चार प्राधिकरणको आव २०७९/८० को प्रतिवेदनमा प्रकाशन भएको छ । यसले नागरिकको प्रविधिसँगको पहुँच सहज बन्दै गएको देखाउँछ । तर साक्षरतामा भने कुनै सुधार हुन सकेको छैन । यसरी प्रविधिको उपलब्धतासँगै बढेको अपराधको ग्राफले व्यक्तिलाई मात्र नभई सरकार र सरकारी निकायहरूमा पनि साइबर अपराधीका निसाना लक्षित हुने निश्चित छ । साइबर अपराधीहरूले सरकारी वेबसाइट र डाटा सेन्टरहरूमा आक्रमण गर्नुका विभिन्न कारणहरू रहेका छन् । साथै, यस्ता वेबसाइट र डाटा सेन्टरहरू डाउन हुनुमा विविध परिस्थितिहरू समेत जोडिएका छन् ।

*सरकार डिजिटल नेपाल, डिजिटल फ्रेमवर्क र विद्युतीय सुशासनको अभियानमा अगाडि बढिरहेको अवस्थामा निरन्तर भइरहेका साइबर अपराधका घटनाहरूले जनमानसमा विचलन र अविश्वास सिर्जना गर्न सक्ने भएकाले गम्भीररूपमा लिनुपर्ने देखिन्छ । सरकारका पदाधिकारीहरू र जिम्मेवार निकायले साइबर अपराधका विषयमा मिडिया र सार्वजनिक स्थानहरूमा आफ्ना विचार व्यक्त गर्दा थप सजगता र गम्भीर्यता अपनाउन आवश्यक छ ।*

व्यक्ति-व्यक्तिबीच फरक-फरक कारणले सरकारी वेबसाइटहरूमा आक्रमण गर्ने गरेको देखिन्छ । पहिलो व्यक्ति जो सिकारु छ, जो साइबर आक्रमणको क्षेत्रमा नयाँ छन्, उनीहरूले आफ्नो रहर र सीप परीक्षण तथा लोकप्रिय भइन्छ भन्ने भ्रमका कारण सरकारी साइटहरूमा आक्रमण गर्ने गरेको देखिन्छ । दोस्रो व्यक्ति जो व्यवसायी छ, जो साइबर आक्रमणको क्षेत्रमा अपराधिक मानसिकता बोकेर हिँड्छ, उसले एकै पटक धेरै डेटा पाउन, सेवा प्रभावित पारेर दुःख दिन तथा सर्भर नै डाउन गरी मोटो रकम असुल्ने नियतले सरकारी साइटमा हमला गर्ने गरेको देखिन्छ । त्यस्तै अर्को खालको व्यक्ति जो कुनै राज्यले नै संरक्षण दिएर परिचालन गरिएको हुन्छ । यिनीहरूले आफूलाई संरक्षण दिएको राज्यको लागि काम गर्ने गर्दछन् । यस्ता अपराधीहरूले आफूलाई सञ्चालन गर्ने सरकारको हित र सुविधाको लागि अन्य राज्य वा सरकारका गोप्य रणनीति, सूचना, तथ्यांक र कागजपत्रहरू चोरी गर्न र थप दबाब बढाउन साइबर आक्रमण गर्ने गर्दछन् ।

सरकारी वेबसाइट निर्माण गर्दा सबै किसिमको सेक्युरिटी टेस्टिङ्ग नगरी लाइभ गर्ने गर्नु, डु अल इन्टरनेट कनेक्टिभिटी नहुनु, दक्ष जनशक्तीको अभाव हुनु, कम्जोर सेक्यूरिटी आर्किटेक्चर रहनु, विद्युतीय डिभाइसहरू समयमै अध्यावधिक नगर्नु र म्यानुफ्याक्चर कम्पनीसँग डिजिटल उपकरणहरू र सफ्टवेयरको लाइसेन्स नवीकरण नियमित हुन नसक्नुले पनि यस्ता अपराधहरू पटक-पटक हुने गरेका छन् । नयाँ प्रविधि र प्रयोगसँगै साइबर अपराधका कारणहरू पनि फेरिँदै र बदलिँदै गएको देखिन्छ । कतै सब सिस्टम धेरै भएकाले, कहिले डेटा माइग्रेसन गर्दा ध्यान नपुग्नाले, कैंयौ सरकारी वेबसाइटमा इनसेक्यूअर डिजाइन रहनाले र पनिकाजस्ता संस्थाहरूको प्रायः साइटहरूमा बग रिपोर्ट गर्ने जस्ता सामान्य फिचर नभएकाले सरकारी साइटहरूमा साइबर आक्रमणका घटनाहरू बढेको देखिन्छ । यस्ता आक्रमणहरू किन, कसले र कहाँबाट भएका हुन् पहिचान गरी आवश्यक सुरक्षा अपनाउन टड्कारो आवश्यक देखिन्छ ।

### साइबर सुरक्षाका उपायहरू

**नीति, नियम र कानूनको व्यवस्था** : राज्यले साइबर अपराधलाई नियन्त्रण गर्नको लागि समय सान्दर्भिक कानूनको निर्माण र कार्यान्वयन गनुपर्ने देखिन्छ । नेपालमा साइबर सुरक्षा ऐन र कानून नभएकाले विद्युतीय कारोबार ऐन २०६३ अनुसार कारबाही गरिदै आएको छ । अपराधीलाई न्यून सजाय भएकाले तत्काल साइबर सुरक्षा कानून बनाउनु आवश्यक छ । हालै साइबर सुरक्षा नीति २०८० जारी गरिएको छ ।

**दक्ष जनशक्तिको व्यवस्था** : नेपाल सरकारले साइबर अपराध अनुसन्धान, नयाँ प्रविधिको खोजी र साइबर सुरक्षामा सहभागी जनशक्तिलाई थप तालीम र अभ्यासको व्यवस्था गर्ने, नयाँ पुस्तालाई साइबर सुरक्षासम्बन्धी अध्ययन गर्न देशभित्रै वातावरण निर्माण गर्ने र आवश्यकताअनुसार सरकारी निकायहरूमा थप साइबरविज्ञ जनशक्ति उपलब्ध गराउने कार्य नेपाल सरकारले गर्नु पर्ने देखिन्छ ।

**पर्याप्त बजेटको व्यवस्था** : बजेट अभावकै कारण कुनै पनि साइबर अपराधका घटना नघटुन् भनेर नेपाल सरकारले साइबर सुरक्षाको लागि पर्याप्त बजेटको प्रबन्ध गर्नु पर्दछ । निर्माण कम्पनीबाट लाइसेन्स नवीकरण, विद्युतीय डिभाइस र सर्भरहरूको अपडेट समयमा गर्न नसकिएका कारण साइबर अपराधका घटना भएको देखिन आएकाले समयमै बजेट उपलब्ध गरी समस्याको समाधान खोज्नु पर्ने देखिन्छ ।

**डाटा केन्द्र सञ्चालन मापदण्ड** : नेपालको राष्ट्रिय एकिकृत डाटा केन्द्र र हेटौंडामा अवस्थित डिजास्टर रिकभरी केन्द्रलाई अन्तर्राष्ट्रिय मापदण्डअनुसार सञ्चालन गर्नुपर्ने देखिन्छ । डाटा सेन्टरको सुरक्षाको लागि फायरवाल, इन्क्रिप्सन, एक्सेस कन्ट्रोल र इन्स्ट्रक्सन डिटेक्सन सिस्टम (आइडिएस) आदिको प्रयोग गर्न सकिन्छ ।

**भौतिक सुरक्षा** : डाटा सेन्टर र यसमा भएका विभिन्न भौतिक सामग्री तथा उपकरणको भौतिक सुरक्षामा समेत चनाखो हुनु आवश्यक छ । विशेषतः यस्ता उपकरण महँगा हुने भएकाले चोरी हुने, नष्ट गर्न सक्ने भएकाले भर्चुअल र भौतिक सुरक्षा दुबैमा ध्यान दिन आवश्यक छ । साइबर विज्ञहरूमार्फत सेवा सञ्चालनसँगै २४ सै घण्टा सातै दिन अनुगमन/निरीक्षण/निगरानीको व्यवस्था गर्नु पर्ने हुन्छ ।

**जनचेतना अभिवृद्धि** : नेपाली नागरिक र सरकारी निकायमा कार्यरत कर्मचारीहरूमा साइबर सुरक्षासम्बन्धी चेतनाको अभावको कारण समेत कतिपय घटनाहरू भएका छन् । यसको नियन्त्रण र रोकथामको लागि सर्वसाधारण नागरिकदेखि कर्मचारीहरूलाई साइबर सुरक्षा सचेतना अभिवृद्धि गर्न आवश्यक छ ।

**संरचनागत सुधार** : साइबर सुरक्षा सुनिश्चितताको लागि नेपाल सरकारले सञ्चालनमा ल्याउने सबैखाले वेबसाइटहरूको सुरक्षा परीक्षणपछि मात्रै लाइभ गर्ने गर्नु पर्दछ । बिना परीक्षण हतारमा लाइभ गर्ने गर्नु हुँदैन । साथै प्रयोगमा रहेका तथा प्रयोगमा ल्याउन लागिएका प्रविधि, सर्भर र साइटहरूको सरकारी कार्यालयको वेबसाइट निर्माण तथा व्यवस्थापनसम्बन्धी निर्देशिका, २०७८ ले सरकारी कार्यालयले सूचना प्रविधि विभागबाट वेबसाइटको सुरक्षा र विश्वसनीयताको सम्बन्धमा वर्षको कम्तीमा एकपटक सुरक्षा परीक्षण गर्नुपर्ने भनेको छ । तर प्रभावकारी र नियमितरूपमा हुन सकेको छैन । तसर्थ नियमित साइबर सुरक्षा अडिट गर्न आवश्यक छ ।

**ब्याकअप** : डाटा केन्द्रहरूमा भएका सम्पूर्ण उपकरण तथा सामग्रीहरूमा कुनै आक्रमण भएमा त्यसलाई तत्काल हटाएर नयाँ सामग्री जडान गर्नको लागि ब्याकअप हुन आवश्यक छ । यसरी साइबर आक्रमणमा परेका उपकरणहरू सङ्क्रमित हुने उच्च सम्भावना भएकाले त्यसैलाई प्रयोग गरिएमा साइबर अपराध हुने सम्भावना अत्याधिक रहन्छ । यसको लागि ब्याकअपको व्यवस्था गरिनु पर्दछ ।

अन्त्यमा, बढ्दो डिजिटललाइजेशनसँगै बढेको साइबर अपराधका घटना सिंगो विश्व जगतको टाउको दुखाई बनेको छ । यस्ता अपराधीहरू आफ्नो पहिचान लुकाएर एउटा देशको सिमानाभित्र बसेर अर्कै देशमा अपराध कर्म सहजै गर्न सक्छन् । यस्ता व्यक्ति पहिचान जटिल हुने हुँदा कारबाहीको दायरामा ल्याउन निकै चुनौतीपूर्ण बनेको छ । यसैले नेपाल जस्तो विकासोन्मुख मुलुकले साइबर सुरक्षा कवजका रूपमा माथिका विविध पाटाहरूमा आफूलाई अब्बलरूपमा अगाडि लैजान आवश्यक छ । तसर्थ, नेपाल सरकार र नेपाली नागरिकले साइबर अपराधबाट बच्न बलियो पूर्वतयारी गर्नुको विकल्प छैन ।

## सामाजिक सञ्जाल



**- ओमकुमार थापा**

जब-जब प्रचण्डको कुर्सी हल्लिन्छ, तब-तब प्रचण्डले गठबन्धनको मुख्य सहयात्रीलाई घुर्की र धम्की दिएर आफ्नो पद जोगाएर सत्ताको तर मार्दै आएका छन् । अहिले फेरि कोशीमा कांग्रेसले धोका दिएको भनेर बार्गेनिङ्गको अस्त्र हान्न सुरु गरेछन् । यस्ता पद लोलुप ढोंगीबाट देशले कहिले मुक्ति पाउँछ खै ?



**- कृष्ण घिमिरे**

दाम्पत्य जीवनमा प्रेम र विश्वास बरकरार राख्न एकअर्काको कटु आलोचनाबाट बचौं । प्रायः पति-पत्नी बात-बातमा एकअर्कालाई होंच्याउने गर्छन् । एक-अर्काको खोट मात्र खोज्नुभन्दा सकारात्मक टिप्पणी गर्ने बानी बसाऊँ । कमिको अन्त्य छैन, कमि बिर्सेर वैवाहिक जीवनमा मधुरता भरौं ।



**- मदन मोहन**

पुँजीको लगानी छैन, उत्पादन दिनानुदिन गिर्दो अवस्थामा छ, कृषि, उद्योग, व्यापार, व्यवसाय छोडेर, हजारौं नागरिक विदेशिनेहरुको ताँती छ । सरकार बैंकमा थुप्रीएको रेमिटेन्सको पैसो देखाएर आर्थिक अवस्था सुदृढ हुँदै गएको मिथ्यांक प्रस्तुत गर्दै नागरिक र मुलुकलाई अझै अँध्यारोमा राखिरहेको छ ।



**- कृष्ण अर्याल**

राजनीति र प्रशासन यति विकृत भयो कि कर्मचारी सरुवा भएको, नेताले चौरमा बसेर हसुरेको पनि राष्ट्रिय महत्वका एजेण्डा हुन थाले । जस्तो मुलुकमा विकास निर्माण, विधि विधान र सुशासनका एजेण्डाहरु बाँकी नै छैनन् । देश रामराज्यभन्दा अघि बढेर माओ राज्य, लेलिन राज्य हुँदै प्रचण्ड राज्य कायम भैसक्यो !

# व्यवस्था उल्टाउने व्यर्थ बहस

विचार



● शम्भू पनेरू

*समीक्षा पनि विज्ञानसम्मत गर्नुपर्छ । बगेको नदीलाई फर्काएर, गइसकेको समयलाई फर्काएर, पुरानै अवस्थामा फर्कनुपर्छ भन्ने कल्पना कदापि सही हुन सक्दैन । आज जसरी व्यवस्थाको विरोधमा आवाजहरू उठेको छ, यो विज्ञानसम्मत छैन । यो बहस आजको युगले स्वीकार गर्न सक्ने बहस होइन ।*

केही समययता मुलुकमा 'व्यवस्था उल्ट्याउने' भन्ने विषयले प्राथमिकता पाएको छ । सामाजिक सञ्जालदेखि सडक र सदनसम्म यस्ता विषयमा बहस हुन थालेका छन् । विगतमा लुप्त रहेका कतिपय व्यवस्था विरोधी पनि जुर्मुराएका देखिन्छन् । यस्ता शक्तिले एकातिर सडकमा जत्था देखाइरहेका छन् भने अर्कोतिर मिडियामार्फत प्रचारको अभियान पनि चलाइरहेका छन् । यद्यपि, यिनीहरुको झुण्ड सानो छ तर, त्यसको प्रचार बलियो छ । जसको प्रभाव आज समाज जबरजस्त व्यवस्थाविरोधीको अभियानमाथि बहस गर्न बाध्य छ ।

नाममा व्यवस्था परिवर्तन भएको डेढ दशक पुगेको छ भने विधिवत् व्यवस्था परिवर्तन भएको बल्ल एक दशक पुग्दैछ । नाममा यसअर्थमा कि २०६२/२०६३ को जनआन्दोलनपछि एक अर्थमा व्यवस्था परिवर्तन भएको थियो, जसलाई पहिलो संविधानसभापछि केही व्यवस्थित बनाउने काम भयो । यद्यपि, विधिवत् रूपमा संविधान नै बनाएर २०७२ असोजबाट मात्रै व्यवस्था परिवर्तन भयो । यसअर्थमा हामी व्यवस्था परिवर्तनको छोटो अवधिमा छौं । बामे सर्दै छौं, सिक्दै छौं ।

मुलुक संघीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्थाको सिकाई प्रक्रियामा छ । आठ वर्षको यो अभ्यास कति नै पूर्ण हुने ? योबीचमा तीन तहको सत्ताको अभ्यास सुरु भएको छ । तीन तहबाट जनतालाई शासनसत्ताको अनुभुत दिलाउने काम भइरहेको छ ।

आज नयाँ स्थानीय तहले सरकारको अभ्यास गरिरहेका छन् भने प्रदेश र संघले अभ्यास गरिरहेका छन् । यद्यपि, यी अभ्यासहरु अपेक्षित छैनन् । तथापि, यी अभ्यास परिपक्क बन्ने दिशामा उन्मुख छन् । सुरुवाती चरणमा अभ्यासहरु असफल पनि हुन सक्छन् । सही नहुन पनि सक्छन् । तिनलाई व्यवस्थित बनाउने जिम्मा सबैको हो । तर, व्यवस्थित नबन्दै त्यसको विकल्प खोज्ने विषय भने विज्ञानसम्मत हुन सक्दैन ।

आज तीन तहको सत्ता सञ्चालनको अभ्यास भइरहेको छ । जनताले नै रोजेका पात्रहरु ती अभ्यासमा सहभागि छन् । तर, अपेक्षित नभइरहेको सन्दर्भमा समीक्षा गर्ने दिशातिर बहस हुनु आवश्यक पनि हो । तर, अहिले बहस व्यवस्था नै ठिक होइन भन्दै व्यवस्थाकै विकल्प खोज्नेगरी हुन थालेको छ । यो परिवर्तनबाट आत्तिएकाहरु व्यवस्थाको विकल्प खोज्ने नाममा अघि सरेका छन् । विगतमा लुकेकाहरु आज जुर्मुराएका छन् ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुस"ग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत नं. ८००/०६५/०६६
प्रुडेन्सियल ओभरसिज प्रा. लि.
तिनकुने, काठमाडौं, नेपाल, Tel:- 01-5104525
Mob.: 9802002035, 9802002016

## UAE मा वैदेशिक रोजगारको अवसर

कम्पनी: CITY AAVENUE SHOPPING CENTER -SOLE PROPRIETORSHIP LLC शहर: UAE

पूर्व स्वीकृत मिति: २०८०/०८/०१ चलानी नं.: ६०२१००८५ LT. No.: 294982 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 0 | 2 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,२९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Helper | 6 | 0 | | 800 | २८,८६४ | | | | | | | |


अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन ९ गते (21 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्याहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम ईजाजत नं. १५६६/०७९/०८०
P.T.SWIFT HR MANAGEMENT PVT. LTD
Dhumbarahi-4, Kathmandu, Nepal.
Landline No.: 01-5915721, Email: ptswifthr11@gmail.com
Contact No.: 9851199387 | 9851180471

# सात महिनामा पाँच लाख ५० हजारले लिए अनलाइनबाट प्रहरी रिपोर्ट




**काठमाडौं /मस**–नेपाल प्रहरीले चालु आर्थिक वर्षको साउनदेखि माघसम्मको ७ महिनाको अवधिमा ५ लाख ५० हजार ६० जनालाई अनलाइनबाट प्रहरी चारित्रिक प्रमाणपत्र (प्रहरी रिपोर्ट) उपलब्ध गराएको छ ।

सो अवधिमा ७ लाख १० हजार ९४४ जना नेपाली तथा विदेशी नागरिकहरूबाट अनलाइन आवेदन प्राप्त भएका थिए । तीमध्ये १ लाख ४४ हजार २१२ वटा आवेदन रद्द भएका थिए भने १६ हजार ६ सय ७२ आवेदन कार्यान्वयनको क्रममा छन् ।

विभिन्न प्रयोजनका लागि चारित्रिक प्रमाणपत्र लिनका लागि अनलाइन निवेदन दिने स्वदेशी तथा विदेशी नागरिकहरूलाई नेपाल प्रहरीले चारित्रिक प्रमाणपत्र उपलब्ध गराउने गरेको छ ।

नेपाल प्रहरीको वेबसाइटबाट सेवाग्राहीले जुनसुकै ठाउँबाट अनलाइन फर्म भर्न सक्छन् । स्वदेशमा भएका नेपाली नागरिकहरूले अनलाइन निवेदन दिँदा राहदानी, नागरिकता, विवाहितको हकमा विवाह दर्ताको स्क्यान कपि र हालसालै खिचिएको पासपोर्ट साइजको रंगीन फोटो समावेश गर्नुपर्ने हुन्छ ।

यसैगरी विदेशमा रहेका नेपाली नागरिकहरूले राहदानीको पृष्ठ नम्बर २ र ३, अन्तिम पटक नेपाल छोड्दाको ल्भउर्बा क्ष्ञचबतष्यल ग्भउबचतगचभ क्तकउ भएको पृष्ठ, नागरिकता, विवाहितको हकमा विवाह दर्ताको स्क्यान कपि र हालसालै खिचिएको पासपोर्ट साइजको रंगीन फोटो समावेश गर्नुपर्ने हुन्छ । आवश्यक कागजातहरू सहितको निवेदन पेश गरेको करिब ५ दिनभित्र आवश्यक प्रकृया पुरा भएपछि निवेदककै युजर आइडीमा प्रहरी रिपोर्ट पठाइने व्यवस्था छ ।

सेवाग्राहीको आवेदन विवरण ठिक नभएमा, संदिग्ध व्यक्तिसँग नाम मिल्न गएमा आवेदन दिने र मुद्धा चलेका व्यक्ति एकै हुन/होईनन् ? यकिन गर्नका लागि थप अनुसन्धान गर्नुपर्ने भएकोले केही समय लाग्ने गरेको छ । प्रहरी रिपोर्ट सम्बन्धी काम नेपाल प्रहरी प्रधान कार्यालय सिआरएस (क्रिमिनल रेकर्ड सिस्टम) शाखाको सहयोगमा चालचलन शाखाले गर्दछ । उक्त शाखा नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग अन्तर्गत रहेको छ । विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक टेक बहादुर तामाङ भन्छन्, 'सकेसम्म ५ दिनभित्रै प्रहरी रिपोर्ट उपलब्ध गराई राखेका छौं । जुन विकसित देशको तुलनामा राम्रो सेवा हो । विगतका अभिलेखहरू पूर्ण नभएका कारण नाम जुध्न जाने हुँदा केही आवेदनहरू होल्डमा रहन्छन् र भेरीफाई गर्दा थप समय लाग्नसक्छ । यसका लागि आधुनिक जगतको टड्कारो आवश्यकताको रूपमा रहेको प्रविधिको प्रयोगलाई अझै सशक्त बनाउँदै सेवा प्रदान गर्न नेपाल प्रहरी प्रयासरत छ ।'

अनलाइनबाट प्रहरी चारित्रिक प्रमाणपत्र वितरण सुरूवात २०७६ असोज २४ गतेदेखि भएको हो । सुरूवातदेखि हालसम्म ३१ लाख ४० हजार ९८ जनाले आवेदन दिएका थिए । तीमध्ये नेपाली नागरिकले स्वदेशबाट २८ लाख ९५ हजार २०२, नेपाली नागरिकले विदेशबाट २ लाख ३६ हजार १०, विदेशी नागरिकबाट ७ हजार ८९९ र शरणार्थीबाट ९ सय ८७ वटा आवेदन प्राप्त भएका थिए । ती आवेदनमध्ये २३ लाख १७ हजार ६७३ जना स्वदेशी तथा विदेशी नागरिकहरूलाई प्रहरी चारित्रिक प्रमाणपत्र उपलब्ध गराइएको थियो । हाल दैनिक ३ हजार ५ सयदेखि ५ हजार ३ सयसम्म अनलाइन आवेदन प्राप्त हुने र तीमध्ये सामान्यतया ४ हजार प्रमाणपत्र उपलब्ध गराइने गरिएको छ ।

प्रहरी रिपोर्ट लिने प्रकृया थप सहज बनाउनको लागि सूचना प्रविधि सहयोगी बनेको छ । आधुनिक प्रविधिको उच्चतम प्रयोग गर्ने नीति प्रहरीले अख्तियार गरेको छ । नेपाल प्रहरीका केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायव महानिरीक्षक भिम प्रसाद ढकाल भन्छन्, 'यस्तो छिटोछरितो सुविधा प्रहरीको सकृयता र सूचना प्रविधिको प्रयोगले मात्र सम्भव भएको हो । यस व्यवस्थालाई अझ प्रभावकारी र सहज हुने गरी काम गर्न नेपाल प्रहरीले सूचना प्रविधिको प्रयोगलाई उच्च प्राथमिकता दिँदै आएको छ । प्रहरीलाई आवश्यक पर्ने सफ्टवेयर निर्माण, त्यसका लागि तालिम दिने लगायतका सूचना प्रविधि सम्बन्धी काम भइरहेका छन् ।'

प्रहरी रिपोर्ट सम्बन्धी कामका लागि निर्मित सफ्टवेयरमध्ये क्रिमिनल रेकर्ड सिस्टम (सिआरएस), अटोमेटेड फिङ्गर प्रिन्ट आइडेन्टिफिकेसन सिस्टम (एएफआइएस) र अनलाइन पुलिस क्लिरियन्स रजिस्टेशन सिस्टम (ओपीसीआर)सफ्टवेयरहरू प्रयोगमा छन् । सिआरएसमा आपराधिक घटना र संलग्न व्यक्तिको अद्यावधिक अभिलेख राखिन्छ । जसबाट कुनै व्यक्ति अपराधमा संलग्न भए नभएको जाँच गरिन्छ । एएफआइएस सफ्टवयरले विदेशी नागरिक नेपालमा रहँदाको आपराधिक अभिलेख औंठा छापबाट थप जाँच गर्न मद्दत गर्दछ । विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक तामाङ भन्छन्, 'छिटो छरितो अपडेट गर्न थप साधन स्रोत आवश्यक पर्छ । प्रविधिको प्रयोग, पुराना अभिलेख अपडेट गर्दै छिटो सेवा दिने प्रयास गरिरहेका छौं ।'

नेपाल प्रहरीले प्रहरी रिपोर्ट पूर्णतः निःशुल्क उपलब्ध गराउँछ । अपराध सम्बन्धी राष्ट्रिय अभिलेख तथा प्रहरी चारित्रिक प्रमाणपत्र वितरण निर्देशिका, २०८० बमोजिम प्रहरी चारित्रिक प्रमाणपत्र पाउने आवेदकलाई नियमानुसार उपलब्ध गराउने गरिएको छ ।


## के.आई.सिंह गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
वायल, डोटी
सुदुरपश्चिम प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०८०।११।०२ (14th Feb, 2024)**

यस गाउँपालिकाको मिति २०८०।०९।२७ गतेको राष्ट्रिय पत्रिका तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको e–GP Portal (www.bolpatra.gov.np/egp) मा प्रकाशित सार्वजनिक सूचना अनुसार E–bid द्वारा प्राप्त भएका बोलपत्रहरुमध्ये सारभुतरुपमा प्रभावग्राही देखिएको तपशिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र छनौट गर्ने बोलपत्र मूल्यांकन समितिबाट निर्णय भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. न. | ठेक्का नम्बर | विवरण | बोलपत्र स्वीकृतिको आशय दिइएको बोलपत्रदाता | कबोल अंक (भ्याट सहित) |
|---|---|---|---|---|
| 1 | 07/KISRUM /2080/081 | Construction of Botadisain lifling water supply K.I.Singh R.M. 5 Ranagaun | केदार निर्माण सेवा, जोरायल डोटी । | १,१२,९८,६८५।७५ |

**प्रमुख प्रशासकीय अधिकृत**



नेपाल नागरिक उडड्यन प्राधिकरण
## नेपालगंज नागरिक उडड्यन कार्यालय
नेपालगंज, बाँके

### गोप्य शिलबन्दी बोलपत्र लिलाम सम्बन्धी सूचना

सूचना नं.०१/२०८०/०८१
प्रथम पटक प्रकाशित मिति २०८०/११/०२ गते

यस कार्यालयमा रहेका पुराना काम नलाग्ने बोलपत्र विवरणमा संलग्न भए बमोजिम न्यूनतम् मूल्य कायम भएका रु.(३३७८५५।२६ भ्याट सहित (तिन लाख सैतिस हजार आठसय पच्पन्न रुपैया छविस पैसा मात्र) पुराना घरहरु जे-जस्तो अवस्थामा छन सोही अवस्थामा लिलाम बिक्री गर्ने सम्बन्धमा ईच्छुक ब्यक्ति, फर्म वा संस्थाबाट निम्न लिखित शर्तहरुको अधिनमा रही रित पूर्वक बोलपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरु:**

१. लिलाम बिक्री सम्बन्धि बोलपत्र फारम दस्तुर रु ११३०/-(पछि फिर्ता नहुने) यस कार्यालयको श्री सिदार्थ बैंक लि. नेपालगंज स्थित खाता नं : ०१५१५०८०४७५ जम्मा गरी सो को भौचर र आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र यस कार्यालय बाट खरिद गरी २२ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा शिलबन्दी बोलपत्र दर्ता गर्नु पर्नेछ।
२. बोलपत्र खरिद गर्न आउँदा नेपाली नागरिकताको प्रमाण पत्र, मू.अ.कर दर्ता प्रमाणपत्र, कर चुक्ता र फर्म भए ईजाजतको अद्यावधिक प्रमाणित प्रतिलिपी समेत पेश गर्नु पर्नेछ।
३. बोलपत्र खरिद गर्ने अन्तिम दिन बिदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिन कार्यालय समयभित्र बोलपत्र खरिद गर्न सकिने छ। बोलपत्र दर्ता गर्ने अन्तिम दिन बिदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिनको १२:०० बजेभित्र बोलपत्र दर्ता गराउनु पर्ने छ। दर्ता हुन आएका बोलपत्रहरु सूचना प्रकाशित भएको मितिले २२ औं दिनको दिउँसो २:०० बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ। बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
४. बोलपत्र साथ आफुले कबोल गरेको रकम र त्यस वापत हुन आउने मू.अ.कर समेतको जम्मा १० प्रतिशत हुन आउने जमानत रकम यस कार्यायको नाममा श्री सिद्धार्थ बैंक नेपालगन्जमा रहेको धरौटी खाता नं. ०१५१५०८०४४३ मा नगद जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ।
५. बोलपत्रदाताले आफुले कबोल गरेको रकम एकमुष्ठ अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। शर्त सहितको रित नपुगेको र म्याद नाघि प्राप्त हुन आएको बोलपत्र अमान्य हुने भई सो उपर कुनै कारवाही गरिने छैन। र यस सम्बन्धि कुनै जानकारी लिनु परेमा तथा लिलाम बिक्री हुने घरहरु हेर्न चाहनेले कार्यालय समयभित्र सम्पर्क राखि हेर्न तथा बुझ्न सक्नु हुनेछ।
६. नेपालगंज नागरिक उडड्यन कार्यालयलाई कुनै वक्यौता रकम तिर्न बाँकी रहेको ब्यक्ति वा फर्मले सो कार्यको लागी बोलपत्र फारम किन्न पाईने छैन।
७. यसमा नपरेका अन्य कुराहरु ने.ना.उ.प्रा.आ.प्र.नियमावली, नेपाल सरकारका प्रचलिन ऐन, नियम तथा कानुन बमोजिम हुनेछ।
८. कुनै कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने /नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।



लुम्बिनी प्रदेश सरकार
शहरी विकास मन्त्रालय
## शहरी विकास तथा भवन कार्यालय, बाँके

### आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

सूचना नं. ०८/०८०-०८१ प्रकाशित मिति : २०८०/११/०२ गते

यस कार्यालयबाट मिति २०८०/०९/१८ गते मध्यान्ह दैनिक पत्रिकामा प्रकाशित बोलपत्र सम्बन्धी सुचना तथा www.Bolpatra.gov.np/egp मार्फत आव्हान गर्दा दर्ता हुन आएका बोलपत्रदाताहरु मध्ये तपसिल अनुसारको बोलपत्रदाताको बोलपत्र न्यूनतम् मूल्यांकित सारभूत रुपमा प्रभावकारी भई स्वीकृतीको लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन-२०६३ को दफा-२७ को प्रयोजनको लागि बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ।

तपसिलः-

| सि. नं. | ठेक्का नं. | आयोजनाको नाम | बोलपत्र दाताको नाम | कबोल अंक (With PS &VAT) |
|---|---|---|---|---|
| १. | UDBO/BANKE/NCB/WORK/ SAMAJHANA.DRAIN/ 080-081/35 | Construction of R.C.C. Drain at Baijanath 5 and 6 Samjhana chowk to North South, Banke | श्री द्रोणान्चल कंस्ट्रक्शन प्रा.लि., दुल्लु न.पा.-७, दैलेख | २३,३५,६०३.२२ |
| २. | UDBO/BANKE/NCB/WORK/ H.GAU-UPGRADATION/ 080-081/36 | Construction of Asphalt Widening Work at Baijanath-5 and 6 G gau Sangam chowk to Prabhat Ma.Vi. towards H gau, Banke | श्री सुशान्त निर्माण सेवा, बैजनाथ-६, बाँके | २५,७१,५४४.१७ |
| ३. | UDBO/BANKE/NCB/WORK/ PEDADI.UPGRADATION/ 080-081/37 | Construction of R.C.C. Drain and Upgradation of Road at Baijanath-7 Pedadi, Banke | श्री सुशान्त निर्माण सेवा, बैजनाथ-६, बाँके | ६५,१०,१७२.६५ |
| ४. | UDBO/BANKE/NCB/WORK/ GIJARA.UPGRADATION/ 080-081/38 | Construction of R.C.C. Drain and Upgradation of Road at Janaki-4 Gijara, Banke | श्री सुशान्त निर्माण सेवा, बैजनाथ-६, बाँके | ६६,०९,८९९.२५ |
| ५. | UDBO/BANKE/NCB/WORK/ BVM.DRAIN/080-081/39 | Construction of R.C.C. Drain at kohalpur 6 and 11 boarder to BVM & Sikhar Jadibuti to East side, Banke | श्री स्यारोना कंस्ट्रक्शन, कोहलपुर-५, बाँके | २६,५८,७६५.६८ |
| ६. | UDBO/BANKE/NCB/WORK/ BADI. MAHILA.BLG/ 080-081/40 | Construction of Badi Mahila Sanrakshan, Sambardhan Tatha Bahu Uddesiya Building at Nepalgunj-13, Banke | श्री राधाकृष्ण कंस्ट्रक्शन, नेपालगंज-४, बाँके | २६,६२,१३६.८६ |
| ७. | UDBO/BANKE/NCB/WORK/ INDRAGAU. DRAIN/ 080-081/41 | Construction of R.C.C. Drain and PCC road at Janaki-3 Indragau, Banke | श्री भीम ईन्द्र निर्माण सेवा, दार्माकोट-७, सल्यान | ६०,४८,६२४.२३ |
| ८. | UDBO/BANKE/NCB/WORK/ GURUKUL.BLG/080-081/42 | Construction of Shukraraj Ashray Daivik Gurukul Building at Nepalgunj-22, Banke | श्री नेपाल बिल्डर्स, नेपालगंज-७, बाँके | १९,६२,३०२.२२ |

निमित्त कार्यालय प्रमुख



लुम्बिनी प्रदेश सरकार
सहरी विकास मन्त्रालय
## सहरी विकास तथा भवन कार्यालय
लिवांङ, रोल्पा

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना न.०२/०८०-०८१** **प्रकाशित मिति : २०८०-११-०२**

यस कार्यालयको सूचना नं. UDBO/ROLPA/WORK/080–081/02 अनुसार दर्ता भएका बोलपत्रहरु मध्ये तपसिलका बोलपत्रहरु तपसिल बमोजिम खरिद कार्यको लागि न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावकारी भएकोले सार्वजनिक खरिद ऐन- २०६३ को दफा-२७(२) प्रयोजनको लागि बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबैमा जानकारीको लागि प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | आयोजनाको नाम | बोलपत्रदाताको नाम | कबोल अंक (पि.एस. र मु.अ.कर समेत) |
|---|---|---|---|---|
| i | UDBO/ROLPA/NCB/ WORK/JOGI-PAIRA/080-081/01 | Rolpa-10 Jogimaare-Paira Bhanbhane Basti Bikas Karykram, Rolpa | M/S Laxmi Nirman Sewa Rolpa-04 Liwang, Rolpa | १८,१९,९२७.८६ |
| ii | UDBO/ROLPA/NCB/ WORK/Holeri-Dubring/080-081/02 | Upgration of Holeri to Ward office Road Dubring, Runtigadhi Rolpa | M/S R.N.Dakshinkali Construction and Suppliers Pvt.Ltd., Banglachuli-2 Dang | ३२.०१,४६१.१६ |
| iii | UDBO/ROLPA/NCB/ WORK/Thulo-Gau-Ares/080-081/03 | Sunilsmriti-8 Thulo Gau Ares Basti Bikas Karykram, Rolpa | M/S Rapti Infrastructure Development Pvt.Ltd. Rolpa | २०,८३,१०५.७३ |
| iv | UDBO/ROLPA/NCB/ WORK/Ghoda Gau/080-081/04 | Sunilsmriti-01 GhodaGau Basti Bikas Karykram, Rolpa | M/S Proxima Nirman Sewa, Jaluku-3 Pyuthan | २१,८१,८६३.६६ |
| v | UDBO/ROLPA/NCB /WORK/Thumpaki /080-081/05 | Sunilsmriti-01 Thumpaki Basti Bikas Karykram, Rolpa | M/S Proxima Nirman Sewa, Jaluku-3 Pyuthan | १८,८१,४९५.४४ |

**कार्यालय प्रमुख**

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२ फागुन २०८०, बुधबार
14 February 2024, Wednesday

# पाँच श्रष्टा सम्मानित



**पवन जायसवाल / मध्यान्ह**
बाँके, १ फागुन

भेरी साहित्य समाज केन्द्रीय समितिको सातौ अधिवेशनले पत्रकारसहित पाँच श्रष्टालाई सम्मान गरेको छ । भेरी साहित्य समाज केन्द्रीय समितिका महासचिव तथा विश्व नेपाली साहित्य महासंघ नेपाल लुम्बिनी प्रदेश अध्यक्ष लेक प्रसाद प्याकुरेल र केन्द्रीय सदस्य मीना बरालद्वारा सञ्चालित भेरी साहित्य समाज केन्द्रीय समितिका अध्यक्ष हरि प्रसाद तिमिल्सिनाको अध्यक्षतामा, प्रमुख अतिथि नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्व सदस्य सचिव तथा वरिष्ठ कथाकार सनत कुमार रेग्मीले पानसमा दीप प्रज्वलित गरी कार्यक्रमको उद्घाटन गरेका थिए ।

अधिवेशनमा साहित्यिक क्षेत्रमा योगदान पुऱ्याएका भेरी साहित्य समाजका संस्थापक केन्द्रीय सदस्य तथा दैनिक नेपालगञ्जका सम्पादक झलक गैरे 'विकल्प', दाङका वरिष्ठ साहित्यकार तथा राप्ती साहित्य परिषद्का अध्यक्ष टीकाराम उदासी, भेरी साहित्य समाज बर्दिया जिल्लाका सल्लाकार अयोध्या प्रसाद श्रीवास्तव, बाँकेका साहित्यकार इन्द्र बहादुर बस्नेत र भेरी साहित्य समाज सुर्खेतका अध्यक्ष थानेश्वर लामिछानेलाई सम्मान गरिएको छ ।

भेरी साहित्य समाज केन्द्रीय समितिले प्रकाशन गरेका विभिन्न चार कृति माघ २७ गते शनिवार विमोचन गरिएको थियो छन् । साहित्यकार तथा समालोचक इश्वरी प्रसाद रिजालको लिखित बाँके शताब्दी साहित्य साहित्य इतिहास ग्रन्थ, बोधराज प्याकुरेलको शंका लघुकथा संग्रह, वयोवृद्ध श्रष्टा भूपेन्द्र प्रकाश शर्माको हर्कत कविता संग्रह विमोचन गरिएको थियो । भेरी साहित्य समाज केन्दीय समितिको साहित्यिक मुखपत्र दौंतरीको २७ औं प्रमुख अतिथि, विशिष्ट अतिथि र अतिथिले अंक लोकार्पण गरेका थिए । प्रमुख अतिथि सनत कुमार रेग्मीले अब नेपालगञ्जमा नयाँ किसिमको एउटा वृहत्त साहित्य महोत्सव गरौं, देश विदेशका साहित्यकारहरुलाई बोलाएर महोत्सव गर्नका लागि सुझाव दिएका थिए ।

यसरी सो कार्यक्रममा विशिष्ठ अतिथि लुम्बिनी विश्वविद्यालय सेवा आयोगका सदस्य प्रा.डा. कृष्ण प्रासद घिमिरे, बाँके साहित्यिक संस्थाको तर्फबाट प्रा.डा.जनार्दन आचार्य, सम्मानित व्यक्तित्वहरुको तर्फबाट साहित्यकार झलक गैरे, भेरी साहित्य समाज केन्दीय समितिका सल्लाहकार नरेन्द्र जंग पिटर, प्राज्ञ सभा सदस्य महानन्द ढकाल, राप्ती साहित्य परिषद्का अध्यक्ष टीकाराम उदासी लगायतले शुभकामना मन्तव्य गरेका थिए । सो अवसरमा नारायण प्रसाद भट्टराई, गुरु प्रसाद खनाल, बीर बहादुर थापा, भूपेन्द्र सुवेदी, ई. मुकुन्द प्रसाद ढकाललाई आजीवन सदस्यता प्रमाण-पत्र प्रदान गरिएको थियो । कार्यक्रममा भेरी साहित्य समाज केन्दीय समितिका महासचिव लेक प्रसाद प्याकुरेलले सांगठिनक प्रतिवेदन, कोषाध्यक्ष फनीन्द्र आचार्यद्वारा तयार गरिएको आर्थिक प्रतिवेदन पुस्कर रिजालले प्रस्तुत गरेका थिए । कार्यक्रममा भेरी साहित्य समाज बाँके जिल्लाका अध्यक्ष रामप्रसाद देवकोटा, बर्दियाका सचिव प्रभात सुवेदी, सुर्खेतका अध्यक्ष थानेश्वर लामिछाने, कैलालीका अध्यक्ष डाक्टर चक्र प्रसाद अधिकारीले शाखाका प्रतिवेदन प्रस्तुत गरेका थिए । कार्यक्रममा केन्द्रीय उपाध्यक्ष चरित्रा शाहले स्वागत मन्तव्य, सुन्दर गुरुङको संयोजनमा करुण शाहीले नृत्य प्रस्तुत गरेकी थिइन् ।


## बलेफी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**बलेफी, सिन्धुपाल्चोक**

### आशयपत्र सम्बन्धी सूचना
**प्रकाशित मितिः– २०८०/११/०२**

यस गाउँपालिकाको कार्यालयमा मिति २०८०/१०/२५ गते सम्ममा रित पूर्वक दाखिला भएका बोलपत्रहरुमध्ये देहायको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही ठहर भइ स्वीकृतिको लागि छनौट गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) अनुसार सात दिनको आशयको सूचना सोही ऐनको दफा ४७ को प्रयोजनको लागि प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

| क्र. स. | ठोक्का नं कामको विवरण | बोल कबोल रकम (मु.अ.क. समेत) | बोलपत्र दाताको नाम र ठेगाना |
|---|---|---|---|
| १. | BRM/NCB-G-02/2080/081 Procurement and Delivery of Stationary and office goods | 12,90,019.30 | LB Multipurpose Compamy Pvt. Ltd Melamchi-11 Sindhupalchk |

**प्रमुख प्रशासकीय अधिकृत**

## खानीखोला गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
## साल्मेचाकल, काभ्रेपलान्चोक
## बागमती प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सात (७) दिने सूचना
**सूचना प्रकाशन मिति : २०८०/११/०२**

यस खानीखोला गाउँपालिकाद्वारा तपशिलको निर्माण योजनाको कार्यन्वयनका लागि २०८०/०८/१४ गते विद्युतीय बोलपत्र आह्वानको सूचना गरीएकोमा उल्लिखित म्याद भित्र दर्ता हुन आएका बोलपत्रहरुको प्राविधिक र आर्थिक प्रस्तावको मुल्याङ्कन पश्चात तपशिल बमोजिमको निर्माण कम्पनीको बोलपत्र कम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएकोले उक्त बोलपत्र स्वीकृत गर्ने आशयको सात (७) दिने सूचना सार्वजनिक खरिद ऐन, २०६३ दफा २७ को उपदफा २ र उपदफा ४७ बमोजिमको प्रयोजनार्थ सम्बन्धित व्यवसायीहरुको जानकारीका लागि प्रकाशन गरिन्छ।

| सि.नं. | योजनाको नाम | ठेक्का नं. | कम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही निर्माण कम्पनीको नाम | कवोल रकम (मु.अ.कर.र PS सहित) |
|---|---|---|---|---|
| १ | Kothe Dayagaun Brihat Khanepani Aayojana | KRM-W-WS-01-080/081 | M/S Bijay Structure Pvt. Ltd. | 2,76,85,765.65/- |

**प्रमुख प्रशासकीय अधिकृत**

**प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
## यातायात पूर्वाधार निर्देशनालय
## पूर्वाधार विकास कार्यालय
**पाँचथर**
**कोशी प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना
**प्रकाशित मितिः २०८०/११/०२**

यस कार्यालयद्वारा मिति २०८०/०९/१२ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार तपशिल बमोजिमको सडकको स्तरोन्नती कार्यको लागि विद्युतीय खरिद प्रणाली (E–Bidding) मार्फत पेश हुन आएका बोलपत्रहरु मध्ये देहाय बमोजिमको बोलपत्र न्यूनतम मुल्यांकित सारभूतरुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएको हुदाँ सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाताको जानकारीको लागि यो ७ दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

| क्र. स. | ठेक्का नं. | आयोजनाको नाम र ठेगाना | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (पी.एस. र भ्याट सहित) |
|---|---|---|---|---|
| 1. | IDO-PAN-NCB-ROAD-080/81-16 | Upgrading of Kattike-Salbote-Madibung-Limbudin-Mehele-Surumkhim-Kanchanjangha Road, Taplejung | Pinky Construction Nirman Sewa, Phungling-5, Taplejung | 68,83,727.60 |
| 2. | IDO-PAN-NCB-ROAD-080/81-17 | Construction of Foot Trails along Lamduwali-Lamichaur-Sidingba Road, Taplejung | Sirijangha Nirman Sewa, Sirijangha-4, Taplejung | 21,14,134.83 |
| 3. | IDO-PAN-NCB-ROAD-080/81-18 | Upgrading of Different Roads in Hilihang Rural Municipality (Ward No. 3 & 5), Panchthar | Rohan Nirman Sewa, Phidim-2, Panchthar | 32,65,591.70 |
| 4. | IDO-PAN-NCB-ROAD-080/81-19 | Upgrading of Different Roads in Phidim Municipality (Ward No. 11), Panchthar | Rohan Nirman Sewa, Phidim-2, Panchthar | 30,36,027.10 |
| 5. | IDO-PAN-NCB-ROAD-080/81-20 | Upgrading of Different Roads in Phalgunanda (Ward No. 1 & 2) and Miklajung (Ward No.1) Rural Municipalities, Panchthar | Gaudeni Nirman Sewa, Phalgunanda-5, Panchthar | 60,89,487.71 |
| 6. | IDO-PAN-NCB-ROAD-080/81-21 | Upgrading of Different Roads in Miklajung Rural Municipality (Ward No.5 & 6), Panchthar | Tumyehang Nirman Sewa, Phidim-1, Panchthar | 62,60,542.46 |
| 7. | IDO-PAN-NCB-ROAD-080/81-22 | Upgrading of Different Roads in Phidim Municipality (Ward No. 4 & 6), Panchthar | Rohan Nirman Sewa, Phidim-2, Panchthar | 71,86,762.16 |
| 8. | IDO-PAN-NCB-ROAD-080/81-23 | Upgrading of Mane Danda Dekhi Chilaune Danda Hudai Jane Sadak tatha Pandolung Ichingtembe Road, Phaktanglung-3 (Limkhim), Taplejung | Pinky Construction Nirman Sewa, Phungling-5, Taplejung | 17,11,994.70 |
| 9. | IDO-PAN-NCB-ROAD-080/81-24 | Upgrading of Phungling-08 Bat Banchare Naikholyang Hudai Pathivara Yangwarak Gaupalika Ko Kendra Jodne Road, Phungling-8, Taplejung | Karki Construction, Phungling-3, Taplejung | 52,48,044.69 |
| 10. | IDO-PAN-NCB-ROAD-080/81-25 | Upgrading of Shikari Danda Siteni Masaneghat Road, Phungling-3, Taplejung | Kechhang Nirman and Suppliers, Madhyapur Thimi-3, Bhaktapur | 18,72,478.43 |

**कार्यालय प्रमुख**

## साउदीमा रोजगार ।
कम्पनी: **AL HAWRAA NATIONAL PLASTIC PRODUCTS FACTORY**
शहर: **JEDDAH**

पूर्व स्वीकृत मितिः २०८०/१०/२९ | चलानी नं.: ६०२१४८५३ | LT. No.:299784

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hotel Housekeeping worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३५,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन ९ गते (21 February 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचला सम्पर्क गर्नु होला ।

ZIA
Gov. Lic. No. 633/063/064
**Zia International Services Pvt. Ltd.**
(Al Quraish International (P) Ltd.)
Gaushala-9, Kathmandu, Tel.: 01-4475555
Email: ziaintls@gmail.com | www.ziaintlservices.com

## यूएईमा रोजगारको अवसर |
कम्पनी : **ADKI TECHNICAL SERVICES CO.**
शहर: **UAE**

पूर्व स्वीकृत मितिः २०८०/११/०१ | चलानी नं.:६०२१४८८८ | LT. No.: 299748

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Concrete Mason | 4 | 0 | स. काममा दक्ष | 1200 | ४३,२९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८० फागुन ९ गते (21 February 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt Lic. No. 662/063/064
**SATYA SAI OVERSEAS PVT. LTD.**
Gwarko, Lalitpur-07, Lalitpur, Nepal | Tel : 01-5200967, 5200977
Email : satyasaioverseas97@gmail.com. www.satyasai.com.np.

## यूएईमा रोजगार
कम्पनी: **SAWAEED EMPLOYMENT LLC**
शहर: **UAE**

पूर्व स्वीकृत मितिः २०८०/०८/२८ | चलानी नं.: ६०२११५५० | LT. No.: 296360 | पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 0 | 50 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Labour/Construction Worker | 300 | 0 | | 800 | २८,८६४ | | | | | | | |
| 3. | Mason | 50 | 0 | | 1100 | ३९,६८८ | | | | | | | |
| 4. | Tile Mason | 30 | 0 | | 1200 | ४३,२९६ | | | | | | | |
| 5. | Shuttering Carpenter | 50 | 0 | | 1100 | ३९,६८८ | | | | | | | |
| 6. | Finishing Carpenter | 60 | 0 | | 1200 | ४३,२९६ | | | | | | | |

**अन्तर्वार्ता प्राविधिक तालिम केन्द्र, विर्तामोड, झापामा मिति २०८० फागुन ९ गते (21 February 2024) मा हुनेछ ।**
**अन्तर्वार्ता न्यू राम जानकी ट्रेनिङ सेन्टर, धनुषामा मिति २०८० फागुन १० गते (22 February 2024) मा हुनेछ ।**
**अन्तर्वार्ता पञ्चकन्या ट्रेनिङ इन्स्टिच्युट, पोखरा, कास्कीमा मिति २०८० फागुन ११ गते (23 February 2024) मा हुनेछ ।**
**अन्तर्वार्ता भेरी स्किल डेभेलपमेन्ट सेन्टर, नेपालगन्ज, बाँकेमा मिति २०८० फागुन १२ गते (24 February 2024) मा हुनेछ ।**
**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० फागुन १३ र १५ गते (25 & 27 February 2024) मा हुनेछ ।**
**अन्तर्वार्ता अन्जली ट्रेनिङ सेन्टर, सुनसरीमा मिति २०८० फागुन १४ गते (26 February 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Nice Recruiting Agency (P) Ltd.
श्रम ई. पत्र नं. १०६२/०७३/०७४
**Nice Recruiting Agency Pvt. Ltd.**
Samakhusi-26, Kathmandu, Tel No: 01-4957256, Mob: 9803738222 , 9829217688
| Website nicemanpower.com
E-mail: nicemanpower11@gmail.com, documentation.nice1062@gmail.com

# हेटौंडा सवस्टेसनको निर्माण अन्तिम चरणमा



**काठमाडौं / मस**–मुलुकभित्रको विद्युत् प्रसारण तथा वितरण प्रणाली सुदृढीकरण एवं आधुनिकीकरणका लागि महत्वपूर्ण मानिएको मकवानपुरमा निर्माणाधीन चार सय केभी क्षमताको सवस्टेशनको काम अन्तिम चरणमा पुगेको छ ।

मकवानपुरको हेटौंडा उपमहानगरपालिका-११ थानाभञ्याङमा सो सवस्टेशन निर्माणाधीन छ। हेटौंडा सवस्टेसनमा ४००/२२० केभी, २२०/१३२ केभी र १३२/११ केभी सवस्टेसन निर्माणाधीन छन् ।

एक महिनाभित्र निर्माण सम्पन्न गरी सञ्चालन (चार्ज) गर्ने लक्ष्यका साथ सवस्टेसनका उपकरणको जडान, परीक्षणलगायत अन्तिम चरणका काम भइरहेका छन् । सवस्टेसनमार्फत राष्ट्रिय प्रसारण प्रणालीमा विद्युत् प्रवाहका अतिरिक्त स्थानीयरुपमा आपूर्ति गरिनेछ । यसबाट त्यस क्षेत्रको विद्युत् आपूर्ति पर्याप्त, भरपर्दो र गुणस्तरीय हुनेछ ।

निर्माण अनुगमनमा पुग्नुभएका नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले पछिल्लो समयमा सवस्टेसनको काम सन्तोषजनक देखिएको बताए । कार्यकारी निर्देशक घिसिङले निर्माणमा संलग्न आयोजना व्यवस्थापन र निर्माण व्यवसायीसँग छलफल गरेका थिए । घिसिङले एक महिनाभित्रमा सवस्टेसन सञ्चालनमा ल्याउने गरी बाँकी काम सम्पन्न गर्न निर्देशन दिए ।

सरकार र विद्युत् प्राधिकरणको लगानीमा हेटौंडा-ढल्केबर-इनरुवा चार सय केभी सवस्टेसन विस्तार आयोजनाअन्तर्गत निर्माणाधीन ४००/२२० केभी हेटौंडा सवस्टेसनमा तीन सय १५ एमभिए क्षमताका तीन थान पावर ट्रान्सफर्मर छन् । त्यसको क्षमता नौ सय ४५ एमभिए छ ।

धनुषाको ढल्केबरबाट र अमेरिकी सहायता परियोजना मिलेनियम च्यालेञ्ज कर्पोरेसन (एमसिसी)बाट प्राप्त हुने अनुदानबाट नुवाकोटको रातमाटेबाट निर्माण हुने चार सय केभीको डबल सर्किट प्रसारण लाइन हेटौंडा सवस्टेसनमा ल्याएर जोडिनेछ । यसका लागि हेटौंडा सवस्टेसनमा आवश्यक पूर्वाधार निर्माण गरिएको छ ।

आयोजनाअन्तर्गत नै ढल्केबर र इनरुवामा ४००/२२० केभीका सवस्टेसन निर्माण सम्पन्न गरी सञ्चालनमा आइसकेका छन् । हेटौंडा र इनरुवा सवस्टेसन निर्माणका लागि २०७५ पुसमा ठेक्का सम्झौता भएको थियो ।

देशभित्रको विद्युत् प्रसारण प्रणाली सुदृढीकरण र नेपाल-भारतबीचको विद्युत् व्यापारका लागि निर्माणाधीन हेटौंडा-ढल्केबर-इनरुवा ४०० केभी डबल सर्किट प्रसारण लाइन आयोजनाअन्तर्गत हेटौंडा २२०/१३२ केभी सबस्टेसन निर्माण गरिएको हो ।

सवस्टेसनमा एक सय ६०/१६० एमभिएका दुई पावर ट्रान्सफर्मर छन् । ठेकेदार कम्पनीको कार्यसम्पादन सन्तोषजनक नभएपछि ठेक्का तोडी बाँकी रहेको काम गर्न २०७५ पुसमा नयाँ ठेक्का सम्झौता गरिएको थियो । आयोजनाअन्तर्गत नै धनुषा र इनरुवामा २२० केभीका सवस्टेसन निर्माण सम्पन्न भई सञ्चालनमा आइसकेका छन् । आयोजना सरकार तथा प्राधिकरणको लगानी र विश्व बैंकको सहुलियतपूर्ण ऋणमा सुरु गरिएको हो ।

हेटौंडा-भरतपुर-बर्दघाट २२० केभी प्रसारण लाइन आयोजनाअन्तर्गत १३२/११ केभी हेटौंडा सवस्टेसन निर्माण गरिएको हो । यो सवस्टेसनबाट स्थानीयरुपमा विद्युत् आपूर्ति गरिनेछ । सरकार तथा प्राधिकरणको लगानी र विश्व बैंकको सहुलितपूर्ण ऋणमा आयोजना सुरु गरिएको थियो ।

# परीक्षण उडानमै सीमित मनाङको हुम्डे विमानस्थल



**नविन अंकुर / मध्यान्ह**
मनाङ, १ फागुन

नेपाल नागरिक उड्यन प्राधीकरणले करिब ९ करोड खर्च गरेर बनाएको मनाङको हुम्डे विमानस्थल प्रयोग विहीन भएको छ । प्राधिकरणले २०६९ मा नौ करोड खर्च गरेर विमानस्थलको धावन मार्ग कालोपत्र गरेको थियो ।

नेपाल नागरिक उड्डयन प्राधिकरणका अनुसार एउटा विमानस्थल निर्माण गर्दा हिमाली क्षेत्रमा न्यूनतम ४५ करोड रुपैयाँ, पहाडमा ३५ करोड रुपैयाँ र तराईमा ५० करोड रुपैयाँ खर्च हुने गर्द छ ।

हुम्ड विमानस्थलको धावन मार्ग कालोपत्र गरेको केही दिनमै परीक्षण उडान भए पनि हालसम्म नियमित उडान भने हुनसकेको छैन । परीक्षण उडानपछि यस विमानस्थल अहिले पूर्ण रुपमा बन्द छ । छ सय मिटरको धावनमार्ग रहेको हुम्डे विमानस्थल कालोपत्र गरिएसँगै बढाएर नौ सय मिटर बनाएको छ ।

कालोपत्र हुनुअघि पोखराबाट सातामा दुई दिन नेपाल वायुसेवा निगमले उडान भर्दै आएको थियो । केही वर्ष मात्रै सञ्चालन भएको यस विमानस्थल विसं २०७० बाट पूर्ण रुपमा बन्द भयो । गण्डकी प्रदेश सरकारले पुनः उडान सुरु गर्ने भन्दै परीक्षण उडान गरे तापनि नियमित उडान सुरु हुनसकेको छैन ।

तीन हजार तीन सय ३० मिटर उचाइमा रहेको हुम्डे विमानस्थलमा २०३९ असोजदेखि उडान सुरु गरिएको थियो । सन् १९८१ देखि सञ्चालनमा आएको मनाङको हुम्डे विमानस्थल अहिले प्रयोगविहीन हुँदा स्थानीय तथा पर्यटक मर्कामा परेका छन् ।

मनाङ बढी पर्यटकको आवतजावत हुने स्थान भएकाले यहाँको विमानस्थल निरन्तर उडान भर्ने उद्देश्यले विसं २०७६ भदौ २७ देखि पुनः सञ्चालनमा ल्याइयो । गण्डकी प्रदेशका तत्कालीन मुख्यमन्त्रीले यस विमानस्थललाई पुनः सञ्चालनमा ल्याउन जमर्को गरे पनि निरन्तरता भने पाउन सकेन । यहाँको विमानस्थल सञ्चालन हुन नसक्दा स्थानीयवासीका साथै पर्यटकले सास्ती भोग्नुपरेको छ ।

मनाङ उच्च स्थानमा रहेकाले अक्सिजनको कमीले हुनसक्ने लेक लाग्ने बिरामी तथा पर्यटकलाई भने समस्या हुने गरेको छ । गम्भीर चोटपटक वा रोग लागेर अचानक अस्पतालसम्म पुग्नुपर्ने अवस्थामा भने हेलिकोप्टर मगाउनुपर्ने अवस्था रहेको होटल व्यवसायी सङ्घ मनाङका अध्यक्ष विनोद गुरुङले बताए । उनले भने ' यो पनि धनी मानिसका लागि त सही होला । तर, विपन्न वर्गका लागि भने उपचारको पहुँचमा पुग्न सक्ने अवस्था नै छैन । स्थलमार्गबाट जान घण्टौं लाग्छ । यसले गर्दा बाटोमा नै समस्या रहेको छ ।'

कम उडान हुने गरी सञ्चालनमा ल्याउन सके पनि यहाँका स्थानीयवासीलाई सहज हुने उनको भनाइ छ । मुलुकको हवाई सेवाको पहुँच देशव्यापी भए पनि यसका चुनौती थुप्रै छन् । अधिकांश जिल्लामा हवाई सञ्जाल विस्तार भएको छ । प्रभावकारी रुपमा सञ्चालनमा आउन सकेको छैन । भौगोलिक कठिनाइ, मौसमी अवस्था र पूर्वाधार विस्तार प्रभावकारी नहुँदा विमानस्थल प्रभावकारी बन्न नसकेको प्राधिकरणले बताउँदै आएको छ ।


प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
**यातायात पूर्वाधार निर्देशनालय**
**पूर्वाधार विकास कार्यालय**
कोशी प्रदेश
विराटनगर, मोरङ्ग

**वोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(सूचना प्रकाशित मिति : २०८०/११/०२)

यस कार्यालयबाट मिति २०८०-०९-२४ गतेको मध्यान्ह दैनिकमा प्रकाशित वोलपत्र आह्वानको सूचना अनुसार www.bolpatra.gov.np/egp मार्फत दर्ता भएका वोलपत्रहरु मध्ये तपशिल बमोजिमका वोलपत्र दाताहरुको वोलपत्र न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही भइ स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| सि.न. | विवरण | छनौट गरिएको वोलपत्रदाताहरु | कवोल अंक (मु.अ.क.समेत) |
|---|---|---|---|
| 1 | Upgrading of Belbote-Lamitar-Patigaun- Dandabazzar Sadak, Kerabari 1, 4, Morang (Contract No :IDO/MOR/NCB/RW-144/080-81) | M/S Chaubise Construction, Gadhi, Sunsari | 91,98,600.51 |
| 2 | Upgrading of Biratnagar-6 Rampur Chowk Satsang Mandir dekhi Gobinda Bahadur. Baniya ko ghar hudai nahar jodne Sadak, Morang (Contract No : IDO/MOR/NCB/RW-145/080-81) | M/S A.J.S. Construction and Suppliers, Pepsicola, Kathmandu | 22,03,690.33 |
| 3 | Upgrading of Dharan 13 jho.pu Hudai Dharan 20 Danda Todke Hudai sulikot Dharan Dhankuta Jodne Sadak, Sunsari (Contract No :IDO/MOR/NCB/RW-146/080-81) | M/S Mangwarak Construction Company Pvt.Ltd, Dharan, Sunsari | 23,28,221.50 |
| 4 | Upgrading of Chandra Marg Santosh Yadav Ko Ghar Dekhi Pokhari Hudai Jane Sadak, Biratnagar-6, Morang (Contract No : IDO/MOR/NCB/RW-148/080-81) | M/S G.R. Nirman Sewa, Budhiganga, Morang | 17,38,274.34 |
| 5 | Upgrading of Dhat Purbha bata Sip Bikash Talim Kendra Sama Sadak Kalopatre and Pahadgach Dhat Purba Madan Nagar Marga Sadak, Biratnagar-3, Morang (Contract No :IDO/MOR/NCB/RW-149/080-81) | M/S Y.S Nirman Sewa, Gokarneswor, Kathmandu | 70,86,044.00 |
| 6 | Upgrading of Jestha Nagrik Marga Bihibare hatt Road, Biratnagar-3, Morang (Contract No :IDO/MOR/NCB/RW-150/080-81) | M/S Baral Construction, Biratnagar, Morang | 22,98,225.99 |
| 7 | Upgrading of Koshi Rajmarg Dhat Dekhi Purbha Sip Bikash Prasikshan Kendra Janey Bato, Biratnagar-3, Morang (Contract No :IDO/MOR/NCB/RW-151/080-81) | M/S Sports Nirman Sewa, Diktel Khotang | 18,23,480.00 |
| 8 | Upgrading of Pratibha Marg Dekhi Rajendra Chaudhary ko Ghar Sama ko Bato ( Ananda Marg) Road, Biratnagar-10, Morang (Contract No :IDO/MOR/NCB/RW-152/080-81) | M/S Renuka Nirman Sewa, Rangeli, Morang | 15,24,239.74 |
| 9 | Upgrading of Sarit Sahani Ko Ghar Janey Bato ma Paki Nala Tatha Pitch, Biratnagar-6, Morang (Contract No :IDO/MOR/NCB/RW-153/080-81) | M/S Sawana Nirman Sewa, Duhabi, Sunsari | 19,99,999.80 |
| 10 | Upgrading of Parijat Marg Biratnagar-5, Kanchanbari, Morang (Contract No :IDO/MOR/NCB/RW-155/080-81) | M/S Sarad Nirman Sewa, Biratnagar, Morang | 18,39,616.81 |
| 11 | Upgrading of Pragati Marg sadak starunnati, Sadhu Tole, Sundarharaichha- 1, Morang (Contract No :IDO/MOR/NCB/RW-156/080-81) | M/S Galaxy Construction, Damak, Jhapa | 22,80,082.18 |
| 12 | Upgrading of Kalyanpur Ambari Dekhi Sonapur Sadak, Ratuwamai, 1 Morang (Contract No :IDO/MOR/NCB/RW-157/080-81) | M/S Dhundee Construction, Ratuwamai, Morang | 39,91,500.13 |
| 13 | Upgrading of Chunnimari Sonapur road Ratuwamai 1 Morang (Contract No :IDO/MOR/NCB/RW-158/080-81) | M/S Dhundee Construction, Ratuwamai, Morang | 15,41,235.01 |
| 14 | Upgrading of Chandra kala Bhandari ko ghar Uttar Sijuwa Bazarko Bijuli Office samma jane sadak, Ratuwamai 7 Morang (Contract No :IDO/MOR/NCB/RW-159/080-81) | M/S Kuldewta Construction, Ratuwamai, Morang | 15,05,191.40 |
| 15 | Upgrading of Ratuwamai - 5 Brichalal Risidev Uttar Sunbarsi Pokhari Samma Sadak, Morang (Contract No :IDO/MOR/NCB/RW-160/080-81) | M/S Dhundee Construction, Ratuwamai, Morang | 18,77,808.90 |
| 16 | Upgrading of Ratuwamai - 5 Brichalal Risidev Uttar Sunbarsi Pokhari Samma Sadak, Morang (Contract No :IDO/MOR/NCB/RW-161/080-81) | M/S Alisha Construction, Biratnagar, Morang | 16,33,980.39 |
| 17 | Upgrading of Kharji Kohabara Radio NepaPaschim Bata Uttar Jane Sadak, Biratnagar-4, Morang (Contract No :IDO/MOR/NCB/RW-162/080-81) | M/S A.J.S. Construction and Suppliers, Pepsicola, Kathmandu | 17,55,788.38 |

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२ फागुन २०८०, बुधबार
14 February 2024, Wednesday

# दुई वर्षभित्र धनीपुर्जा वितरण गरिसक्ने दमकको लक्ष्य



**दमक/मस**-झापाको दमक नगरपालिकाले भूमिसम्बन्धी समस्या आगामी दुई वर्षभित्रमा टुङ्गोमा पुऱ्याएर जग्गाधनी प्रमाण पूर्जा वितरण गर्ने तयारी गरेको छ । दमकका १० वटा वडामा भूमिसम्बन्धी समस्या रहेका परिवारको सङ्ख्या छ हजार बढी रहेको छ । राष्ट्रिय भूमि आयोग दमक सेवा केन्द्रका अनुसार यहाँ भूमिसम्बन्धी समस्या रहेका यस्ता छ हजार एक सय ६० परिवारको निवेदन आएको छ । सोमध्ये दुई हजार चार सय ५६ भूमिहीन सुकुम्बासी, पाँच सय ५७ भूमिहीन दलित र तीन हजार एक सय ३७ अव्यवस्थित बसोबासी रहेको तथ्यांक छ ।

दमकमा पाँच हजार नौ सय ५० परिवारलाई जग्गाको निस्सा भने यसअघि नै वितरण गरिसकेको छ । दमकमा भूमिहीन सुकुम्बासी, दलित भूमिहीन र अव्यवस्थित बसोबासीको उल्लेख्य सङ्ख्या रहे पनि हालसम्म भने ३४ परिवारले मात्र चालु वर्षमा भूमि स्वामित्व प्राप्त गरेका छन् ।

राष्ट्रिय भूमि आयोग झापाले सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको लगत सङ्कलन गरिसकेको भए पनि धनीपुर्जा वितरणको काम भने तीव्र बनाउन सकिरहेको छैन ।

यही सुस्तताका बाबजुद दमक नगरपालिकाले भने आगामी दुई वर्षभित्रमा लगभग सबै सुकुम्बासीलाई जग्गा धनीपुर्जा दिनसक्ने लक्ष्यका साथ काम गरिरहेको दाबी गरेको छ ।

सोअनुसार दमक वडा नं १० मा जग्गा धनीपुर्जा वितरण प्रयोजनका लागि कर्मचारी तथा प्राविधिक अर्थात् अमिनबाट जग्गा नापजाँच पूरा भएको छ । वडा नं ४ मा अन्तिम चरणमा रहेको छ भने वडा नं १ मा दिनहुँजसो जग्गा नापजाँच भइरहेको राष्ट्रिय भूमि आयोग दमक सेवा केन्द्रका प्रमुख डम्बरराज बरालले बताउनुभयो । उहाँका अनुसार अब चाँडै नै वडा नं ५ र ८ मा जग्गा नापजाँच सुरु हुनेछ । त्यसका लागि जग्गाको स्रेस्ता, फिल्ड बुक, वडा नक्सा र फाइल नक्सा उपलब्ध गराउन नापी कार्यालय दमकसँग समन्वय भइरहेको जनाइएको छ । भूमि आयोग दमक सेवा केन्द्रका अमिन चण्डिका भट्टराईले पनि नगरपालिकाले भनेबमोजिम जग्गा नापजाँचलाई तीव्र बनाइएको बताए । दमक नगरपालिका प्रमुख रामकुमार थापाले भूमिसम्बन्धी सबै समस्या हल गर्न अब भने स्थानीय सरकारलाई छुट नभएको बताए ।

जग्गा नाप जाँचलाई पहिलेभन्दा द्रुतगतिमा अघि बढाइने र स्थलगतरुपमा हुने प्राविधिक काम सकेर भूमि आयोग झापामा जग्गा धनीपुर्जा दिन आवश्यक प्रक्रियाका लागि कागजात पठाइने तयारी गरिएको उनको भनाइ छ । 'हामीले सुकुम्बासीलाई जग्गा धनीपुर्जा दिने कार्यलाई पहिलो प्राथमिकतामा राखेका छौँ, भूमि आयोगलाई पनि घच्घच्याइरहेका छौँ, उहाँहरु पनि तयार नै हुनुहुन्छ', नगर प्रमुख थापाले भने, 'केही समय जग्गा नापजाँच गर्ने यन्त्र बिग्रिएको तथा केही आन्तरिक व्यवस्थापकीय समस्याका कारण काममा ढिलाइ भएकाले अब भने आगामी दुई, अढाइ वर्षभित्रमा सबै सुकुम्बासीलाई जग्गाको धनीपुर्जा दिनेगरी द्रुत काममा जुट्ने छौँ ।'

उनका अनुसार अहिले भने विगतमा गरेको कामका आधारमा ९१ परिवारलाई चाँडै नै जग्गा धनीपुर्जा दिने तयारी भइरहेको छ । त्यसका लागि भूमि आयोग झापाले जग्गामा कसैको हकदाबी भए गर्न भनी सार्वजनिक सूचनासमेत प्रकाशन भइसकेको छ । ४२ परिवारका फाइल भूमि आयोग पठाउने भनेर निर्णय भएको छ ।

यसैबीच नगरपालिकाले भूमिसम्बन्धी काम कारबाहीका विषयमा सरोकारवालासँग अन्तर्क्रिया गरेको छ । नगरपालिकाको कार्यालयमा सम्पन्न बैठकमा स्थानीय तहस्तरीय भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समिति दमकका संयोजक नगरप्रमुख थापा, उपप्रमुख रेगिना भट्टराई प्रसाईंसहित राजनीतिक दलका प्रतिनिधि, कर्मचारी र प्राविधिकको उपस्थिति रहेको थियो । बैठकमा भूमि आयोग दमकमार्फत् हाल भइरहेको कामकारबाही, विगतको कार्यको समीक्षा र आगामी कार्ययोजनाका बारेमा छलफल गरिएको थियो ।

वर्षौंदेखि सुकुम्बासीका रुपमा रहेका आफूहरुको जग्गा नापजाँच हुँदा आफूहरुलाई खुसी लागेको भए पनि जतिसक्दो चाँडो जग्गाको धनीपुर्जा दिने वातावरण बनाइदिन भूमिहीनले माग राख्दै आएका छन् । वर्षौंदेखि आफूहरु भूमिहीन भएको पीडा सुनाउँदै दमक-४ का नवीन श्रेष्ठले अब भने जग्गाको धनीपुर्जा पाएमात्र आफूहरुको खुसी वास्तविकतामा परिणत हुने बताए ।

# कुलो र पुल निर्माण भएपछि भुम्लुमा खुसीयाली

**काभ्रेपलाञ्चोक/मस**- भुम्लु गाउँपालिका-५ स्थित घट्टेखोला-मुलाबारी सिँचाइ आयोजना सम्पन्न भएको छ । आयोजनाअन्तर्गत पक्की सिँचाइ कुलो निर्माण भएपछि यहाँका किसान निकै खुसी भएका छन् । विसं २०४१ मा कुलो निर्माण गर्दा पहरा फुटाउन ब्लाष्टिङ गरेको सम्झँदै स्थानीय रामजी श्रेष्ठले अहिले पक्की सिँचाइ कुलो बनेपछि निकै खुसी भएको बताए ।

